
विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



मजदुर दैनिक विज्ञापन शाखा
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५
**विज्ञापनको लागि सूचना**
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
**भाइबर नं.** : ९७४४४२४४६५
**Gmail :** majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ७ ★ ने. सं. ११४६ शिल्ला थ्व, द्वादशी ★ शुक्रबार ★ १६ माघ, २०८२ ★ January 30, 2026, Friday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


# नयाँ पुस्तालाई सिद्धान्त र विचारबाट सुसूचित गर्नुपर्नेमा जोड



भक्तपुर, १५ माघ । नेपाल मजदुर किसान पार्टीको स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. १ मा स्थानीय कार्यकर्ताहरूबिच मार्गनिर्देशन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले महिलामाझ पनि सङ्गठन विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउँदै सङ्गठनमा महिलाको सहभागिताले नै प्रजग कोरिया युद्धमा सफल भएको बताउनुभयो ।

नयाँ पुस्तालाई सिद्धान्त र विचारबाट सुसूचित गर्नुपर्नेमा जोड दिँदै उहाँले सिद्धान्त र विचारबिनाको राजनीति सफल नहुने बताउनुभयो ।

कुलतबाट जोगाउन युवाहरूलाई खेलकुदको क्षेत्रमा लगाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पार्टी कार्यकर्ताहरू हरेक क्षेत्रमा सक्रिय भएर समाज परिवर्तनको निम्ति अग्रसर हुनुपर्छ भन्नुभयो ।

विगतमा महिला रात्रिकक्षा, प्रौढ कक्षा, साहित्यिक गतिविधि, सफाइ अभियान, सांस्कृतिक तथा राजनीतिक सचेतना कार्यक्रम भएकै कारण उहाँले जनतामा राजनीतिक चेतना, नागरिक भावना र सांस्कृतिकस्तर उठेको हो भन्नुभयो ।

भारतले नेपाली भूमि सुस्ता मिचेको विरोधमा नेपालको भूमि जोगाउन आन्दोलन भएको स्मरण गराउँदै उहाँले देशभक्त, सच्चा कम्युनिस्टहरू कुनै पनि देशको थिचोमिचो, अतिक्रमण र दबाब सहँदैनन् बरू स्वाधीनता र सार्वभौमसत्ताको निम्ति सङ्घर्ष गर्छन् भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा भएको सो कार्यक्रममा स्थानीय वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो ।

# गाँसे गुसे एकै नासे !

काठमाडौँ, १५ माघ । जति जति निर्वाचनको मिति नजिक आउँदै छ, उति उति हाम्रा केही बुद्धिजीवी र राजनीतिक तमासा हेरेर दिक्क मानेका संवेदनशील व्यक्तिहरू 'जोसुकै जिते पनि उही हो, हामीले सबै हेरिसकेकै छौं; पुराना होस् वा नयाँ पुस्ता ?' भन्दै अब त एक पटक 'नयाँ पुस्ता' लाई नै दिनु उचित होला कि भन्नेहरू पनि कम छैनन् ।

निर्दलीय पञ्चायत कालको ३० वर्ष र बहुदलीय प्रजातन्त्र र गणतन्त्रको ३५ वर्षभन्दा बढी समय भोगेकाहरूले 'समालोचना' गर्नु आवश्यक छ । जे सुकै होस् र जोसुकै जितून् भन्ने दिक्दारीले देश रसातलमा जानेछ ।

देशमा आगो लाग्दा त राजीनामा दिन नमान्ने लाछीहरू वा आफू अयोग्य साबित हुँदा पनि राजीनामा नदिनेहरू 'निर्लज्ज' नभए के भन्ने ? पञ्चायत कालमा सिंहदरबारमा आगो लाग्दा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले के राजीनामा दिएनन् ? सरकारलाई त थाहा थियो होला – सिंहदरबारमा आगो लगाउने शक्ति को होला ? भन्ने गरिन्छ– 'डुब्दो जहाजबाट मुसो पनि भाग्छ ।' 'मरेको मान्छेको लासलाई जुम्राले पनि छोड्छ ।' तर, हाम्रा शासक दलका नेताहरूले सत्ताको 'गलत स्वाद' र 'देशै नरहे पनि मित्र शक्तिहरूबाट सत्ता मागेपछि हामीले कसो नपाऔँला, हामी पुरानो हजुरिया त हौँ भन्ने आशा बोक्ने नादानहरू बाँकी नै छन् ।

एक जना नेपाली कविको कविताको सम्झना हुन्छ– 'गुणको वैरी मानिस जाती.. !' जनताले जति पटक मत दिए पनि शासक दलका नेताहरू जनताको भलाइभन्दा ठेकेदार, तस्कर र विदेशी एजेन्टहरूकै सेवामा लागे । दु:खी नेपाली जनता जहाँको तहीँ भए । छोराछोरी पनि विदेशमा पठाए !

**नयाँ पुस्ता पनि त देखिए ?**

पूर्वप्रधानमन्त्रीकी छोरी 'नयाँ पुस्ता' ले विदेशीसँग विवाह गरिन् र छोरा–छोरी पाइन्, विदेशीसँगको व्यापारमा नेपाल ठगियो । नयाँ नातिले पनि विदेशीसँग विवाह गरिन् । सम्झौता देशको भयो; अनेक झमेलामा फस्यो । सुडान काण्ड र पासपोर्ट छपाइ काण्डमा फसाएर देशको हुनसम्म बदनाम भयो !

अर्को शासक दलका 'नयाँ पुस्ता' वा 'युवा मन्त्री' प्राचीन विहार र कमलपोखरीमा १५ तलाको होटल र पसल खोली उद्घाटनमा लाग्दा देशको सांस्कृतिक क्षेत्रलाई म्हास्न नदिन जनता मिलेर अदालत गए र उद्घाटन रोक्न धर्ना बसेका थिए । तर, मन्त्री पछाडिको बाटोबाट गई उद्घाटन गरेर भागे– प्रहरीको पर्दा राखेर !

के यही हो 'नयाँ पुस्ता' को देशभक्ति, सांस्कृतिक प्रेम र सुझबुझ ?

अर्को 'नयाँ पुस्ता' का नेताले जनतालाई काम गरी खान सिकाउने उद्देश्यले भैँडा–बाख्रा पालन र मासु पसलको कारोबार गरे । त्यहाँ पनि हिसाब–किताब र भ्रष्टाचारको हो–हल्ला सुन्ने मानिसले कान थुनेर जानुपर्‍यो ।

धरानको बी.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्ति र मेडिकल कलेजको भ्रष्टाचारमा नयाँ पुस्ताकै मन्त्रीको चर्तिकला जिम्मेवार भएको समाचारपत्रहरूमा देखिन्छ ।

प्रश्न उठ्छ – हरेक राजनीतिक कार्यकर्ता ( नयाँ वा पुराना) सबै बदनामै हुनुपर्ने हो वा बदनाम गराइएको हो ? यसको उत्तर कसले दिने ?

नयाँ अर्थमन्त्री खनालले केही दिनअगाडि विदेशी पुँजीलाई अनिवार्य शुल्क माफ गरी देशलाई नोक्सान पारेको समाचार सबै पाठकले पढे ।

तर, आज 'ग्रे लिस्ट' बाट बाहिरिन जिम्मेवार भई काम गरौँ (अन्नपूर्ण १५ माघ, २०८२) भनी मन्त्री खनालले कसलाई शिक्षा दिएका हुन् ?

के सम्पत्ति शुद्धीकरण भ्रष्टाचार गरी जोडिएको सम्पत्तिको सानो भाग बुझाएबापत भ्रष्टाचारीको दागबाट मुक्त हुने प्रमाणपत्र हो ?

# असमान सन्धि सम्झौता खारेजीको आवाज उठाउन नेमकिपा

भक्तपुर १५ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा चाँगुनारायण नगर समितिले बिहीबार चानपा ३, न्यौपाने गाउँमा नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालको स्थानीयसँग भेटघाट तथा छलफल कार्यक्रम गर्‍यो ।

सचिव सुवालले नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्न र आदर्श समाज स्थापनाको लागि गठन भएको उल्लेख गर्दै आदर्श समाजमा शिक्षा-स्वास्थ्य नि:शुल्क, देशमा रोजगारी, आवासको व्यवस्था, सामाजिक न्याय, जनताको उच्च सांस्कृतिक स्तर हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानव समाज विकासको सिलसिला जङ्गली युग, दास युग, सामन्तवाद, पुँजीवाद हुँदै कतिपय देश समाजवादसम्म पुगेको र अब साम्यवादतर्फ अघि बढिरहेको छ ।"

सचिव सुवालले ३५ वर्षयताका सरकारहरूले नेपालको ६००० नदीनाला भारतको साझा बनाएको,उत्पादनका मुख्य मुख्य साधन सेवा निजीकरण गरेको, विदेशी पुँजी ल्याएर युवा विदेश पठाएको, कृषिप्रधान देश नेपालमा दाल, चामल, तरकारी, फलफूलसमेत विदेशबाट खर्बौंको आयात गरेको बताउनुभयो ।

"नेपाली युवालाई भाडाको सिपाहीँ बनाउने सन् १९४७ को गोर्खा भर्ती केन्द्र, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि,


***बाँकी पृष्ठ ८ मा***





# आदर्श समाज स्थापना गर्न नेमकिपा सङ्घर्षरत




भक्तपुर, १५ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा 'नेपालको वर्तमान समसामयिक राजनैतिक विषयमा' प्रवचन एवम् प्रशिक्षण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एव्म भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपाको स्थापना २०३१ माघ १० गते वर्गविहीन आदर्श समाज निर्माण गर्ने लक्ष्यका साथ भएको बताउनुभयो ।

नेमकिपाले पार्टी स्थापनाकालदेखि नै पार्टीले अङ्गीकार गरेको सिद्धान्तबाट अलिकति पनि विचलित नभई काम गर्दै आएको स्पष्ट पार्दै उहाँले राजनीतिक पार्टी अनुशासनहीनहरूको भीड नभई एक आदर्श समाज स्थापना गर्ने लक्ष्यका साथ विचार र सिद्धान्तबाट निर्देशित अनुशासित दस्ताहरूको सङ्गठित शक्ति भएको बताउनुभयो ।

कामदारवर्गलाई शासन सत्तामा पुर्‍याउने उद्देश्यका साथ नेमकिपा अगाडि बढिरहेको उल्लेख गर्दै केन्द्रीय सदस्य प्रजापतिले नेमकिपा किसान, मजदुर, शिक्षकलगायत कामगरी खानेवर्गको साझा पार्टी भएको बताउनुभयो ।

"समाजवादी व्यवस्थामा मानिसको जन्मदेखि मृत्युपछिसम्मको गर्नुपर्ने सबै बन्दोबस्त राज्यले गरिदिन्छ । नेमकिपाबाट निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिप्रतिनिधिहरूले समाजवादी आधारशिला निर्माणमा सहयोग गर्ने काम गरिरहेको छ । भक्तपुर नगरपालिकाले शिशु स्याहारदेखि कलेजहरू सञ्चालन गर्नुका साथै ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गरिरहेको छ", प्रमुख प्रजापति भन्नुभयो ।

नेपालजस्तै क्षेत्रफल र जनसङ्ख्यामा सानो देश प्रजग कोरियाले समाजवादी बन्दोबस्त र विचारकै कारण जनतालाई सबै बन्दोबस्त गर्न सकेको र विश्वका महाशक्ति संरा अमेरिकालाईसमेत हाँक दिन सकेको उहाँले बताउनुभयो ।

नेमकिपाले शोषक र सामन्तीको सधैं विरोध गर्दै आएको स्पष्ट पार्दै प्रमुख प्रजापतिले ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न सक्ने मानिस नै सचेत वर्गमा पर्ने उल्लेख गर्नुभयो ।


***बाँकी पृष्ठ २ मा***



हार्दिक धन्यवाद



स्थापना कालदेखि अनवरत रूपमा सहयोग गर्दै आउनुभएका समाजसेवी एवं शिक्षाप्रेमी श्री तुल्सी नारायण लाखेमरूज्यूले मिति २०८२ माघ १४ गते बुधबारका दिन विद्यालयको नाममा अक्षयकोष स्थापना गर्न रू. ५१,००१ (एकाउन्न हजार एक रूपैयाँ) आर्थिक सहयोग गर्नुभएकोमा विद्यालय परिवार उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

असलमाया बनमाला
प्रधानाध्यापक
श्री महेन्द्र आधारभूत विद्यालय
जैंला-८, भक्तपुर



भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत माघ १५ गते हनुमानघाट परिसरमा सरसफाइ कार्यक्रम गर्दै ।
*तस्बिरः मजदुर दैनिक*

# पत्रिका पनि देश र जनताप्रति समर्पित हुनुपर्ने

काठमाडौँ, १५ माघ । देश र जनताको आवश्यकता देश र जनताप्रति समर्पित दलमात्र होइन देश र जनतामा समर्पित विचारप्रधान पत्रिका पनि हो । कम्युनिस्टको सिद्धान्त र विचार तथा देशभक्ति भावनालाई जनताको घर आँगनमा पुऱ्याउने, जनताको सांस्कृतिक स्तर उठाउने र आमूल परिवर्तनको पूर्वाधार तयार गर्ने काम वैचारिक वामपन्थी पत्रिकाले गर्छ । आस्थाको पत्रिकाले कम्युनिस्ट आन्दोलनमा देखिएको खोटो विचार, कम्युनिस्ट पार्टी र कम्युनिस्ट आन्दोलनमा पुऱ्याइरहेको भ्रम र झूटको खेतीबारे उदाङ्ग्याउनेछ । आर्थिक सहयोग र विकासको प्रलोभन देखाएर सरकार र सत्तारुढ दललाई साम्राज्यवाद र विस्तारवादको चङ्गुलमा फसाउने षड्यन्त्र र चलखेलको खबरदारी आस्थाको पत्रिकाले गर्छ ।

देशको स्वाधीनता, सार्वभौमिकता र देशभक्तिपूर्ण आन्दोलनको भावना जगाउने, जनतालाई राजनीतिक, सैद्धान्तिक, वैचारिक र सांस्कृतिक रूपले सचेत र सङ्गठित गर्दै श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने पत्रिकाले अन्तर्राष्ट्रिय मजदुर - किसान आन्दोलन, आदिवासी, उत्पीडित जनताको आन्दोलन र सङ्घर्षको लेख, रचना, जीवनी आदि प्रकाशन गरेको हुन्छ । त्यस्तो पत्रिका अन्तर्राष्ट्रवादी हुन्छ । विश्वमा भइरहेको आन्दोलनको चर्चा यस्तै पत्रिकाले गर्छ । श्रमजीवीवर्गको श्रम र पसिनाले भिजेको पत्रिका जनतामाझ भिजेको हुन्छ; जनतामाझ प्रिय हुन्छ ।

कुनै पनि देशको स्वाधीनता र मुक्ति आन्दोलनमा समर्थन र ऐक्यबद्धता जनाउँदै आएको पत्रिकामा समाजवादी चिन्तन, समाजवादी बन्दोबस्त र समाजवादी विचार बोकेको हुन्छ । यस्तो पत्रिकाले श्रमजीवीवर्गको सेवा गर्नुपर्छ भन्ने भावनाले भिजेको छ । सही चिन्तन र समर्पणको कमी तथा राष्ट्रिय स्वार्थलाई मान्यता नदिँदा देशमा राजनीतिक अस्थिरता निम्तिएको हो ।

सरकार हेरफेर भइरहेको यथार्थ हो । शासक नेताहरूमा रहेको दास मानसिकता र आत्मसमर्पणको भावनाले देश ऋणमा डुबिरहेको तर्फ सरकारमा गम्भीरता देखिएको छैन । भारतले भूमि मिचे पनि, नेपाल - भारत सीमामा तटबन्ध बनाएर नेपाली भूमि डुबानमा पारे पनि मौन बस्ने सरकारको कारण देशमा विदेशी चलखेल बढ्दै गएको हो । देशमा यस्तो जल्दोबल्दो समस्याको लेख रचना आस्थाको पत्रिकामा हुन्छ ।

# नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम

भक्तपुर, १५ माघ । नेमकिपा भ.न.पा.४ बोलाछेँ एकाइ समितिको आयोजनामा बुधबार नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेश सदस्य सृजना सैंजूले पाँच दशकभन्दा लामो समयदेखि शोषितपीडित कामदारवर्गको मुक्ति र न्यायका लागि सङ्घर्ष गरिरहेको चर्चा गर्नुभयो ।

उहाँले देश र जनताको वास्तविक शत्रु भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद र तिनको पछि लाग्ने शासक दल तथा विदेशी शक्तिद्वारा परिचालित सबै नयाँ पुराना दलहरूसित सचेत रहनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भदौ २३ को घटनापछि देशको सार्वभौमिकतामाथि थप खतरा निम्तिएको चर्चा गर्नुभयो ।

उहाँले विद्यार्थीले राजनीति गर्नु हुँदैन भन्ने भाष्यविपरीत स्कूले बालबालिका अगाडि सारी विदेशी शक्तिको स्वार्थ अनुकूल राजनीति गर्नेहरूसँग देशको अस्तित्व रक्षा गर्ने कुनै ठोस नीति नभएको जिकिर गर्दै युक्रेनका जेलेन्स्कीजस्ता कलाकारहरूको लहलहैमा जानु गलत भएको बताउनुभयो । राजनीति कुनै ठुलो पद र पैसाका लागि नभई जनताको सेवामा समर्पित रहनको लागि हुनुपर्ने भनाइ उहाँले व्यक्त गर्नुभयो ।

शिक्षाविद् उद्धव सुजखूले नेमकिपा स्थापनाका आधारहरूबारे बताउँदै समाजवाद हुँदै साम्यवादी व्यवस्थाको लागि सङ्घर्षरत रहेको पार्टी कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भका रूपमा स्थापित भइसकेको चर्चा गर्नुभयो । उहाँले नीति निर्माण गर्ने थलोमा शोषितपीडित कामदार जनतालाई पठाउन सङ्घर्षरत पार्टी नेमकिपा सिद्धान्तनिष्ठ, निष्कलङ्क र घोषणापत्रलाई व्यवहारमा लागू गर्ने पार्टी भएको हुनाले जनताका उम्मेदवारहरूलाई जिताउन साथ र सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नबिराउनु नडराउनु भनेझैँ पार्टीले लिएको सिद्धान्त र नीतिको पालनाले मात्रै देशमा आमूल परिवर्तन सम्भव हुने बताउँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यअनुरूप पार्टीले शिक्षा र स्वास्थ्यको क्षेत्रमा गर्दै आएको योगदानबारे चर्चा गर्नुभयो । उहाँले लेनिनवादी नीतिअनुरूप चुनावको उपयोग गर्दै व्यापक जनतालाई सचेत गर्ने कर्तव्य पूरा गर्नु समयको आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा बोलाछेँ एकाइ समितिका इन्चार्ज एच.एस.सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा विश्वराम त्वायना, कृष्णगोविन्द दुवाल, तनहुँ, नवलपरासी, पर्वतका विभिन्न क्षेत्रबाट उम्मेदवारी दिएका रामलक्ष्मी दुवाल, रञ्जना सुवाल, एलिना सुवाललगायतले बोल्नुभयो ।

# कमला नदीमा अस्थायी 'डाइभर्सन'

सिरहा, १५ माघ । हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा सिमानामा पर्ने कमला नदीमा अस्थायी 'डाइभर्सन' निर्माण भएसँगै सवारी आवत-जावत सहज भएको छ ।

वर्षौंदेखि भासिएको पुलको विकल्पमा 'ह्युमपाइप' राखेर डाइभर्सन बनाइएपछि साना-ठुला सबै प्रकारका सवारीसाधन सञ्चालनमा सहज भएको छ । हप्तादिन अघिदेखि नै सार्वजनिक सवारी चल्न थालेको जानकारी दिँदै सिरहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले भन्नुभयो, "हाल सबै प्रकारका सवारीसाधनहरूको सहज आवत-जावत सुरु भइसकेको छ । यसले स्थानीय बासिन्दा र छोटो रुटबाट मधेस प्रदेशको राजधानी जनकपुर जाने यात्रुलाई ठुलो राहत मिलेको छ ।"

यसअघि स्थानीय युवाले निर्माण गरेको बाँसको पुलबाट शुल्क तिरेर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता थियो । बर्खायाममा बाँसको पुल बाढीले बगाउँदा स्थानीयले डुङ्गाको सहारामा ज्यान जोखिममा राखेर नदी वारपार गर्दै आएका थिए ।

**चौध वर्षपछि पुल निर्माण अन्तिम चरणमा**

विगत १४ वर्षदेखि अलपत्र अवस्थामा रहेको यहाँको पुल निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । आगामी असार मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ हाल दैनिक ४० देखि ५० जना कामदार 'फिनिसिङ' र मर्मतको काममा खटिएका निर्माण कम्पनीले जनाएको छ ।

पप्पु लुम्बिनी जेभीले ठेक्का पाए पनि पप्पु कन्सट्रक्सन कालोसूचीमा परेपछि हाल लुम्बिनी बिल्डर्सले यहाँ काम गरिरहेको छ । निर्माण कम्पनीका साइट इन्चार्ज सुदीप थापाले भन्नुभयो, "हामी बाँकी संरचनात्मक कामहरू द्रुत गतिमा गरिरहेका छौँ, असार मसान्तभित्र पुलबाटै सवारीसाधन सञ्चालन हुने गरी काम सम्पन्न गर्ने हाम्रो लक्ष्य छ ।"

विसं २०६८ मा तीन वर्षभित्र सम्पन्न गर्ने भन्दै सुरु गरिएको पुल २०७८ साल असारमा आएको बाढीले दुईवटा पिलर भासिएर चारवटा स्ल्याबमा क्षति पुऱ्याएपछि समस्या भएको हो । पुल निर्माणमा ढिलाइ हुँदा सिरहा र धनुषाका स्थानीयवासी जोखिमपूर्ण अस्थायी बाटो प्रयोग गर्न बाध्य छन् । स्थानीय युवा सन्तोष यादवका अनुसार तत्कालीन मन्त्री घिसिङको पहलपछि पुल निर्माणले गति लिएको हो ।

उहाँले भन्नुभयो, "लामो समयसम्म काम हुनसकेन, तर नागरिक सरकारको पहलपछि काम सम्पन्न हुने चरणमा पुगेको छ । डाइभर्सनले तत्काललाई सजिलो बनाए पनि अब तोकिएको समयमै पुल निर्माण सम्पन्न हुनुपर्छ । त्यसमा सबै गम्भीर बन्नुपर्छ ।"

हुलाकी राजमार्गको मेरुदण्ड मानिने यो पुल सम्पन्न भएपछि सिरहा र धनुषाका हजारौँ नागरिकको कष्टकर यात्रा अन्त्य हुनेछ । ***(रासस)***

# रूसी लेखक अन्तोन चेखवको सम्झनामा साहित्यिक साँझ

भक्तपुर, १५ माघ । विख्यात लेखक अन्तोन चेखवको १६६ औँ जन्मजयन्तीको उपलक्ष्यमा नेपाल रूस साहित्य समाज (नेरूसास), रूसी सदन काठमाडौँ र बुक क्लब भक्तपुरको आयोजनामा बुधबार एक साहित्यिक साँझ सम्पन्न भयो । कार्यक्रमले रूसी साहित्य र संस्कृतिका थुप्रै प्रेमीहरूका साथै जिज्ञासु विद्यार्थीहरूलाई ऐतिहासिक नगरी भक्तपुरमा जमघट गरायो ।

नेरूसासका महासचिव तथा मित्रकुञ्जका उपाध्यक्ष रामविन्दु श्रेष्ठले साहित्यले देश र पुस्तालाई एकताबद्ध गर्नुका साथै भिन्न मुलुक, भिन्न भूगोल र संस्कृतिलाई जोड्छ भन्नुभयो ।

रूसी साहित्यको झ्यालबाट रूसी र सोभियत संसारलाई देख्न सहयोग पुग्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रस्तोता कवि अभय श्रेष्ठले चेखवका कथा र नाटकहरूको सङ्क्षिप्त समीक्षा गर्दै जिज्ञासु पाठकहरूको लागि सूचनामूलक जानकारी पस्कनुभयो ।

पूर्वराजदूत एवं साहित्यकार प्रा.डा. जङ्गब चौहानले आफू चेखबको घर आँगन सङ्ग्रहालयहरूमा घुमेको, त्यहाँका बासिन्दाहरूले लेखक साहित्यकारहरूलाई गरेको सम्मान अनुपम रहेको सम्झनाहरू सुनाउनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा रूसी सदनकी निर्देशक अनस्तासिया खोख्लभाले चेखबका कथाका पात्रहरू नेपाली समाजमा पनि मेल खाएको हुँदा यहाँका पाठकहरूले उनका रचनाहरूसँग आत्मसात गरेको बताउनुभयो ।

कार्यक्रममा बुक क्लवका दिनेश प्रधानले अतिथिहरूलाई स्वागत गर्नुभएको थियो ।

# ख्वप कलेजमा 'गो लोकल' बारे अभिमुखीकरण

भक्तपुर, १५ माघ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज इन्क्युवेसन ल्याव र 'गो लोकल' अभियानको संयुक्त आयोजनामा भक्तपुरका रैथाने उत्पादनसम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

ख्वप कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई स्थानीय उत्पादनको महत्त्व, यसको बजारीकरण र उद्यमशीलताका अवसरहरूबारे जानकारी दिने उद्देश्यले भएको उक्त कार्यक्रममा 'गो लोकल' का संयोजक वीरेन्द्र जतिले अभियानको अवधारणा र भावी योजनाबारे जानकारी दिँदै स्थानीय स्रोत र साधनको प्रयोग गरेर कसरी आत्मनिर्भर बन्न सकिन्छ भन्ने विषयमा प्रकाश पार्नुभयो ।

'गो लोकल अभियान'का सदस्य दिपेशराज शर्माले 'गो लोकल' पुस्तकमा समेटिएका १५ वटा रैथाने उत्पादनको सङ्क्षिप्त परिचय दिँदै ती उत्पादनहरूको सांस्कृतिक र धार्मिक महत्त्वबारे जानकारी गराउनुभयो ।

'गो लोकल'की अर्का सदस्य रमिला दुवालले विद्यार्थीहरूलाई स्वरोजगार बन्न प्रेरित गर्नुभयो ।

कलेजका उपप्राध्यापकद्वय प्रनेश बाटी र अन्जु ग्वाछ्राले पनि बोल्नुभएको थियो ।

**आदर्श...**

शासक दलहरूप्रति असन्तोष बढेकै कारण भदौ २३ र २४ गतेको घटना घटेको चर्चा गर्दै उहाँले उक्त घटना घट्नुमा शासक दलहरू नै मुख्य दोषी भएको बताउनुभयो ।

कर्मचारीहरूले समयमा काम गर्नुपर्ने, दिइएको जिम्मेवारी इमानदारीपूर्वक पालना गर्नुपर्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, "कर्मचारीहरूको बोली, व्यवहार शिष्ट, नम्र र असल आचरण हुनु जरूरी छ । कर्मचारीहरूमा सिक्ने र सिकाउने भावना विकास गरी नियमित अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ ।"

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरू आफ्नो हक अधिकार सुनिश्चितताको लागि सङ्गठित भएजस्तै व्यक्तित्व विकास गरी सामाजिक योगदान हुने काममा लाग्नु पनि उत्तिकै जरुरी छ भन्नुभयो ।

शोषणको विरोधमा आवाज उठाउनु र शोषितको पक्षमा आवाज उठाउनु सचेत मानिसको दायित्व भएको उहाँले बताउनुभयो ।

"भक्तपुर उदाहरणीय नगरको रूपमा परिचित हुनुमा नेमकिपाको भूमिका महत्त्वपूर्ण रहेको छ । नेमकिपाका अग्रजहरूले बढाएको भ्रष्टाचारविरोधी र सफाइ आन्दोलनको सार्थकता अहिले झन् बढ्दै छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल कर्मचारी समाजका सचिव शिवराम धुख्वा, सदस्य विनोदबहादुर शाही, दिव्यलक्ष्मी बज्राचार्य र दिलिपकुमार श्रेष्ठले नेमकिपाको स्थापना दिवसको औचित्यबारे बोल्नुभएको थियो ।

हार्दिक समवेदना



जन्म
१९९७।०५।०६

स्वर्गारोहण
२०८२।१०।१३

यस संस्थाका संस्थापक अध्यक्ष रामकृष्ण लवजूकी ममतामयी माता तथा सदस्य नं.५८ का **मंगलमाया लवजू**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्री गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भक्तपुर-९, चोफल

## सङ्क्षिप्त समाचार

## निर्वाचन आचारसंहिताबारे दल र उम्मेदवारहरूबिच

भरतपुर, १५ माघ। मुख्य निर्वाचन अधिकृतको कार्यालय, भरतपुरको आयोजनामा निर्वाचन आचारसंहिता पालनासम्बन्धी राजनीतिक दल र उम्मेदवारहरूबिच छलफल कार्यक्रम जिल्ला प्रशासन कार्यालयको सभाहलमा बिहीबार सम्पन्न भयो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चितवन जिल्ला सदस्य एवम् चितवन क्षेत्र नं. १ का उम्मेदवार अर्जुन प्रजाले निर्वाचन विचार र घोषणापत्रको लडाइँ भएको बताउँदै निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने उम्मेदवारको उम्मेदवारी नै खारेज गर्नुपर्नेमा जोड दिनुभयो।

भदौ २३ र २४ गतेको घटनामा शासक दलहरू प्रमुख दोषी भएको स्पष्ट पार्दै उहाँले देशलाई खरानी बनाउनेहरू नै निर्वाचनमा अगाडि आइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले निर्वाचन अवधिभर २४ घण्टा सुरक्षा प्रदान गर्ने व्यवस्था भएको जानकारी दिनुभयो।

मुख्य निर्वाचन अधिकृत केदारनाथ पौडेलले निर्वाचन आचारसंहिता सबै दल र उम्मेदवारहरूलाई बराबर लागू हुने विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा विभिन्न राजनीतिक दलहरूका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूले आ-आफ्नो धारणा राखेका थिए।

## कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन निर्माण सम्पन्न

कर्णाली, १५ माघ। नेपाल विद्युत् प्राधिकरण कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनको निर्माणकार्य सम्पन्न भएको छ। नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा निर्माणाधीन कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाअन्तर्गत कोहलपुर-सुर्खेत खण्डको निर्माणकार्य सम्पन्न भएको हो। उक्त सम्पन्न प्रसारण लाइन तत्कालै राष्ट्रिय प्रणालीमा समाहित गरिने कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजना नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रादेशिक प्रमुख शशीभूषण शाहले जानकारी दिनुभयो।

सो प्रसारण लाइन राष्ट्रिय प्रणालीमा समाहित गर्नका लागि बाँकेको कोहलपुर सवस्टेसनदेखि सुर्खेतको सुब्बाकुनामा निर्माण भएको सवस्टेसनसम्म १३२ केभी डबल सर्किट प्रसारण लाइनबाट १३२ किलोभोल्ट क्षमताको विद्युत् प्रवाह गरी यही माघ १६ गतेदेखि परीक्षण गरिने उहाँले बताउनुभयो। उहाँका अनुसार बाँके, बर्दिया र सुर्खेत रुटमा परीक्षणपश्चात् प्रसारण लाइन सञ्चालनमा ल्याइनेछ।

प्राधिकरणले प्रसारण लाइनका टावरमा नचढ्न, कुनै पनि वस्तुले नछुन, टावर वरिपरी नजान, गाईवस्तुलाई टावर नजिक जान नदिन, खतराका सङ्केत देखाइएका विद्युत्का संरचनालाई नछुन र बालबालिकालाईसमेत टावर नछुन तथा नजिक जान नदिन सचेत गर्न अनुरोध गरेको छ। साथै परीक्षणको क्रममा कुनै ठाउँमा भिल्का आएमा वा खतरा देखिएमा प्राधिकरण वा नजिकैको प्रहरीमा जानकारी दिनसमेत आग्रह गरिएको छ। ***(रासस)***

## रसुवामा ट्राफिक कारबाही तीव्र

रसुवा, १५ माघ। यहाँ यातायात कार्यालयको अनुमति बेगर खाली कन्टेनर डिब्बा चीनको केरुङतर्फ लैजान थालेपछि त्यसलाई कानुनी दायरामा ल्याउन ट्राफिक प्रहरीले कारबाही तीव्र बनाएको छ।

गत पुस १७ गतेदेखि मितेरी पुल सञ्चालनमा आएपछि यातायात कार्यालयको अनुमति बिना रसुवा प्रवेश गर्ने कन्टेनर डिब्बाको सङ्ख्या ६५ पुगेको ट्राफिक प्रहरीले जनाएको छ। ती कन्टेनर चालकलाई जनही रु. एक हजारका दरले जरिवाना गरिएको छ।

ट्राफिक प्रहरीका अनुसार चालु आर्थिक वर्षको साउनदेखि हालसम्म समग्रमा रसुवा प्रवेश गर्ने सवारीसाधनमध्ये ४७३ कारबाहीमा परेका छन्। कारबाहीपर्नेमा चीनको केरुङ जान र रसुवा घुम्न आएका सवारीसाधनमध्ये १५५ ट्रक, १८६ जिपकार, २७ बस, सात ट्याक्टर र ९८ मोटरसाइकल रहेका छन्।

गत छ महिनाको अवधिमा ट्राफिक प्रहरीले सवारीसाधन कारबाहीबाट सङ्कलन भएको जरिवाना रकम रु. छ लाख ५४ हजार ५०० राजस्वमा दाखिला गरिसकेको जनाएको छ। यसै अवधिमा जिल्लामा ५५ सवारी दुर्घटना भएका छन्, भने ती दुर्घटनाबाट ५० जना घाइते भएको ट्राफिक प्रमुख नारायण खड्काले जानकारी दिनुभयो। ***(रासस)***

## चितवनको गहुँमा नयाँ रोग

चितवन, १५ माघ। जिल्लामा लगाइएको गहुँमा नयाँ रोग देखिएको छ। जरामा लाही (कीरा) र पातमा ढुसी लागेजस्तो समस्या अहिले यहाँ लगाइएको गहुँमा देखिएको छ। भरतपुर महानगरपालिकाका किसानले लगाएको गहुँमा यो समस्या देखिएको हो। कृषि विकास कार्यालयका अनुसार तराई क्षेत्रमा देखिँदै आएको यस रोगको सङ्क्रमण अहिले चितवनमा पनि देखिएको हो। कार्यालयकी सूचना अधिकारी बिन्दु पौडेलका अनुसार अहिले किसानले गहुँको पात पहेँलो भएको र जरामा कीराले खाएकोजस्तो समस्या लिएर आएका छन्।

अहिले रोग के हो भन्ने पुष्टि हुन नसकेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "किसान समस्या लिएर कार्यालय आएका छन्, हामी फिल्डमा गएर अध्ययन गर्ने क्रममा छौँ, अध्ययनपछि मात्रै कुन रोग हो भन्ने पुष्टि गर्न सकिन्छ।" राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरकी वैज्ञानिक सरस्वती न्यौपाने अहिल नै कुन रोग हो भनेर भन्न सकिने अवस्था नरहेको बताउनुहुन्छ।

विषयगत रुपमा अध्ययनको काम नगरी यही रोग भनेर भन्न सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो।



**भन्सारमा रोकिएका कन्टेनरहरू**

हिउँ परेपछि उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-४ स्थित नेचुङ भन्सारमा रोकिएका कन्टेनर। सोमबार सामान लिन गएको कन्टेनर मङ्गलबार राति भारी हिमपात भएपछि रोकिएको हो। *तस्बिर: सुशीलबाबु थकाली/रासस*

## प्रतिनिधिसभा निर्वाचन:नदी नियन्त्रण र वन संरक्षण मतदाताका मुख्य माग

महोत्तरी, १५ माघ। जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-१ मा चुनावी चहलपहल सुरु भएको छ। चुरे क्षेत्र ओगटेको यस क्षेत्रमा वन सम्पदा संरक्षण र नदी नियन्त्रण मतदाताका मुख्य माग बनेका छन्।

जिल्लाको सुदूरउत्तरका बर्दिबास नगरपालिकाका १४ (सबै), गौशालाका १२ (सबै) र भङ्गाहाका चार वडा ( ३, ४, ५ र ९) समेत जम्मा ३० वडा महोत्तरी-१ प्रतिनिधिसभा क्षेत्रमा पर्छन्। जिल्लाका रातु, जङ्घा, मरहँ, टुटेश्वर, ओक्सी, बडहरी, भब्सी र खयरमारासहितका नदीको उद्गमस्थल चुरे भएकाले बर्सेनि बाढीको चपेटामा यस क्षेत्रका बासिन्दा पर्दै आएका छन्।

यसैगरी जिल्लामा नदीजन्य पदार्थको उत्खनन र वन सम्पदाको दोहनले बाढीले हुने क्षति बढाउँदा यस क्षेत्रका बासिन्दा आजित छन्। त्यसैले यहाँ नदी नियन्त्रण र वन सम्पदाको संरक्षण आम जनताको चासो बनेको यसै क्षेत्रको भङ्गाहा-७ मेघरोलका बासिन्दा चुरेविज्ञ विजयकुमार सिंह बताउनुहुन्छ।

"यहाँको मुख्य दु:ख नै चुरेका थुम्का र नदी उत्खनन तथा वन सम्पदाको अतिक्रमण हो, यसले बर्सेनि प्राकृतिक विपत्ति बढाउँदै लगेको छ", उहाँ भन्नुहुन्छ, "यसका लागि नीति निर्माणकै तहमा समस्या छन्, त्यसैले प्रतिनिधिसभाको निर्वाचन अभियानमा दल र उम्मेदवारले यी पक्षमा स्पष्ट दृष्टिकोण राख्नैपर्छ।"

बर्दिबास, गौशाला र भङ्गाहा नगर क्षेत्रमा अवैधानिक रुपमा सञ्चालित ५० भन्दा बढी क्रसर उद्योगले गर्दै आएका उत्खननबाट आजित छन्। "जथाभावी ठुलठुला खाल्डा बनाएर बालुढुङ्गा निकालिदो छ, बर्सेनि यी खाल्डामा परेर मान्छे मर्दाछन्, कहिल्यै नचेत्ने भए", भङ्गाहा-४ रामनगरका हीरालाल महतो भन्नुहुन्छ, "अहिले चुनावका बेला मुख्य रुपले दलहरूबाट यसबारे स्पष्ट धारणा सार्वजनिक गरिनुपर्दछ।

पूर्वपश्चिम राजमार्गको उत्तर दक्षिणमा पर्ने यो क्षेत्र वर्षा याममा बाढी कटान र हिउँदमा सुक्खाको मारमा पर्दै आएको छ। अधिकांश बलौटे माटो भएको यो क्षेत्रका बासिन्दाको मुख्य पेसा खेतीपाती नै हो। यहाँका सबैजसो नदीको उद्गमस्थल रहँदा पनि सिँचाइको भरपर्दो व्यवस्था नरहँदा यहाँका किसान आकास ताकेर खेती गर्न बाध्य छन्। त्यसैले यहाँका मतदाता दलहरूबाट वन सम्पदाको संरक्षण, नदी नियन्त्रण र सिँचाइ सुविधाका विषयमा दल र उम्मेदवारबाट प्रतिबद्धता खोज्दैछन्।

क्षेत्र नम्बर-१ मा १३ राजनीतिक दलका र स्वतन्त्र १२ गरी जम्मा २५ जना प्रत्याशी छन्। तीमध्ये स्वतन्त्र तीन र दलका दुईसहित पाँच जना महिला उम्मेदवार छन्। निर्वाचन अभियानमा मतदातासँग भेट्न पुग्ने सबैजसो उम्मेदवारले अहिले यी प्रश्नको सामना गर्नुपरेको छ।

निर्वाचन कार्यक्रम तालिकाअनुसार माघ ६ गते मनोनयनपत्र दर्ता गरेर अन्तिम सूचीमा रहेका उम्मेदवारले गत शुक्रबार निर्वाचन चिह्न पाएसँगै मतदातासँगको भेटघाट बढाएका छन्। उम्मेदवार र दलका कार्यकर्ताको सघन आउजाउ बढेसँगै यहाँका बस्तीबस्तीमा चुनावी चहलपहल बढेको छ।

"भर्खर उम्मेदवार आउन थालेका छन् , हामी यिनीहरू के भनेर भोट माग्दैछन्, ध्यानपूर्वक सुन्दैछौँ", भङ्गाहा-४ रामनगरका ३० वर्षीय रामईश्वर ठाकुर भन्नुहुन्छ, "भ्रष्टाचार अन्त्य र सुशासनको अनुभूति जनतालाई दिलाउनु मुख्य कुरा हो, यस कुरामा कसले विश्वास दिलाउँछन्, यो हेर्न बाँकी छ।" भोट माग्न आउँनेहरूसँग नदी र वन सम्पदाको अवैध दोहन नियन्त्रण, तटबन्ध निर्माण र सिँचाइका विषय प्राथमिकता साथ उठाइने उहाँ बताउनुहुन्छ।

उम्मेदवार घरआँगनमै आइपुग्दा सर्वसाधारण किसान समयमा बीउबिजन नपाएको, सिँचाइको प्रबन्ध नहुँदा आकासेपानीको भरले खेती गर्नुपरेको र आफ्नो उत्पादन कौडीको मोलमा बेच्नुपरेको दुखेसो सुनाउन चुक्दैनन्। यसरी आफूहरूले समस्या सुनाउँदा सबैजसोले कृषि आफ्नो प्राथमिकतामा रहेको बताउँदै आएका यसअघिकै चुनावदेखि नै सुन्दै आइएको बर्दिबास-७ मनहरिपुरका ७५ वर्षीय किसान विन्देश्वर यादव बताउनुहुन्छ। "धेरैजसोका उही पुरानै कुरा छन्, हामी गर्छौं भन्छन्", यादव भन्नुहुन्छ, "सबै आउन्, सबैको कुरा सुनौँ, अनि भोट दिने कुरा निधो गरौँला।"

उम्मेदवार र दलका कार्यकर्ता बस्तीबस्तीमा मतदाता भेट्दै गर्दा अहिले जताततै चुनावी चर्चा बढेको छ। यसपालिको निर्वाचन निश्चित समयावधि पहिले नै हुन लागेको हुँदा धेरै कुरा विचार गरेर मतदान गरिने नयाँ पुस्ताका युवा बताउँछन्। "हाम्रो कसैसँग शत्रुता छैन, तर मुख्य कुरा योग्य उम्मेदवार छनोटको हुनैपर्छ", गौशाला-१० लक्ष्मीनियाँ बटुवाका २८ वर्षीय विवेक कुशवाहा भन्नुहुन्छ, "जनताका आवश्यकता बुझ्नसक्ने र विधिको अवलम्बन गर्ने उम्मेदवार चयन गरिनुपर्छ", आफूहरू यसपालि नाता, सम्बन्ध, जातपातका कुराबाट पर रही योग्य उम्मेदवार पहिचान गरेर मतदान गर्ने कुशवाहाको भनाइ छ।

निर्वाचनसँग जोडिएर उम्मेदवार र दलका कार्यकर्ताको बढ्दो चहलपहल र बस्तीबस्तीमा सर्वसाधारणले गर्ने चुनावी आकलनले अहिले महोत्तरी-१ को माहोल चुनावमय बनेको छ।

निर्वाचन परिणामबारे भविष्यवाणी गर्ने बेला नभएको बुद्धिजीवी बताउँछन्। "दलका १३ र स्वतन्त्र १२ गरी २५ जना उम्मेदवार हुनुहुन्छ, अहिले आम सर्वसाधारण मतदाताले धारणा नै बनाएका देखिँदैन", सेवा निवृत्त सहसचिव भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेल भन्नुहुन्छ।

यो क्षेत्रमा एक लाख पाँच हजार ६४६ मतदाता कायम छन्। यहाँ ५९ मतदानस्थलमा १३० मतदान केन्द्रको व्यवस्था भएको जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी बताउनुहुन्छ। निर्वाचनका निम्ति सुरक्षा व्यवस्था सुदृढ गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले राससलाई बताउनुभयो। ***(रासस)***

## बहुवर्षीय खेती प्रणालीतर्फ आकर्षित हुँदै पौवादुङका किसान

भोजपुर, १५ माघ। भोजपुरको पौवादुङमा गाउँपालिकाका किसान बहुवर्षीय खेती प्रणालीतर्फ आकर्षित हुन थालेका छन्। गाउँपालिकाले दीर्घकालीन आम्दानी र किसानको जीवनस्तर सुधार गर्ने उद्देश्यसहित बहुवर्षीय खेती प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरेपछि किसान यस प्रणालीमा जुट्न थालेका हुन्।

गाउँपालिकाले बहुवर्षीय खेतीलाई प्रोत्साहन गर्न 'एक घर एक फलफूल बगैँचा' कार्यक्रम अघि सारेको छ। उक्त कार्यक्रमअन्तर्गत किसानलाई फलफूल खेतीतर्फ आकर्षित गर्दै बहुवर्षीय खेती प्रविधिमा जोड दिइँदै आएको छ। गाउँपालिका अध्यक्ष किरण राईले एकपटक बगैँचा विस्तार गरेपछि सामान्य हेरचाहका माध्यमबाट वर्षौंसम्म निरन्तर आम्दानी लिन सकिने भएकाले बहुवर्षीय खेती प्रणाली प्रभावकारी बन्दै गएको बताउनुभयो। किसानको आवश्यकता र मागका आधारमा विभिन्न प्रकारका बहुवर्षीय खेतीका लागि सहयोग उपलब्ध गराइँदै आएको उहाँले जानकारी दिनुभयो।

अध्यक्ष राईले भन्नुभयो, "हामीले बहुवर्षीय खेती प्रणालीलाई प्राथमिकतामा राखेका छौँ। एक घर एक फलफूल बगैँचा कार्यक्रममार्फत किसानलाई फलफूल खेतीमा जोडिरहेका छौँ। बगैँचा विस्तारका लागि विरुवा वितरण गर्छौं। यसअघि सञ्चालन गरिएको अकबरे खुर्सानी खेती कार्यक्रम किसानका लागि लाभदायक साबित भएपछि व्यावसायिक फलफूल खेती कार्यक्रमलाई थप विस्तार गरिएको छ।"

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले बहुवर्षीय खेती प्रणालीको विकासका लागि विभिन्न कार्यक्रमलाई निरन्तरता दिइएको बताउनुभयो। यस वर्ष आवेदन आह्वान गरेर 'एक घर एक फलफूल बगैँचा' कार्यक्रम सञ्चालनको तयारी भइरहेको र गाउँपालिकाले छवटै वडामा कार्यक्रम कार्यान्वयन गर्न करिब रु. ४० लाख बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो।

"विस्तृत कार्ययोजना तयार पारेर फलफूल खेती विस्तारको कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ। कार्यक्रमको मूल नारा नै 'रोप्ने, हुर्काउने' हो", प्रशासकीय अधिकृत भट्टराईले भन्नुभयो, "प्राविधिकहरूले बिरुवा रोपनदेखि मल व्यवस्थापन, हेरचाह तथा रोग-किराबाट बचाउने उपायबारे किसानलाई स्थलगत रूपमा सेवा प्रदान गर्नेछन्।"

बहुवर्षीय बालीका रूपमा किसानलाई आँप, लिची, किबी, एभोकाडो, सुन्तलालगायतका खेतीमा जोड दिइएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताउनुभयो। फलफूल खेतीको माध्यमबाट किसानको जीवनस्तर सुधार गर्ने लक्ष्यका साथ योजनाबद्ध रूपमा कृषिका कार्यक्रम सञ्चालन भइरहेको उहाँको भनाइ छ।

स्थानीय किसान नवराज घिमिरेले गाउँपालिकाको यस पहलले किसानको आम्दानी वृद्धि गर्नाका साथै व्यावसायिक र दिगो कृषि प्रणाली विकासमा टेवा पुग्ने बताउनुभयो। बहुवर्षीय बाली खेतीमा किसानको आकर्षण रहेको र गाउँपालिकाले सञ्चालन गरिरहेका कार्यक्रमले किसानलाई प्रोत्साहन गरिरहको उहाँको भनाइ छ।

। सम्पादकीय ।

# पुँजीवादी व्यवस्थाभित्र पसेर आमूल परिवर्तन असम्भव

क्रान्तिकारी सिद्धान्त नभई क्रान्तिकारी आन्दोलन हुँदैन; क्रान्तिकारी आन्दोलन नभई आमूल परिवर्तन हुँदैन । मार्क्सवाद-लेनिनवादको सिद्धान्त अन्तर्राष्ट्रिय कामदारवर्गको आन्दोलनको अनुभवको सँगालो हो । यो सर्वहारा वर्गीय क्रान्तिको विज्ञान हो । यो विज्ञान सत्य र तथ्यमा आधारित हुन्छ । यसकारण, मार्क्सवाद-लेनिनवादबारे गहिरो अध्ययन गर्नुपर्छ; क्रान्तिकारी सङ्गठन विस्तार गरेर देशका व्यापक जनतालाई सचेत र सङ्गठित गर्नुपर्छ । सिद्धान्त र विचारबाट च्युत कुनै पनि दलले आमूल परिवर्तनको बाटो खोज्दैन । भ्रष्टाचारको मात्र विरोध गरेर देशमा परिवर्तन सम्भव छैन । देशमा आमूल परिवर्तन गरेर व्यापक जनताको हितमा लाग्ने दल र दलका नेताहरू अवसरवादी हुँदैनन् । उनीहरू सिद्धान्त र विचारलाई ढाकछोप गरेर व्यक्तिगत स्वार्थमा भुल्दैनन् । आज देशमा सिद्धान्त र विचार प्रस्ट नभएका दलहरू पनि देखिएका छन् । दल खोल्न पाउनु राजनीतिक अधिकार हो । तर, दलको प्रस्ट सिद्धान्त र विचार हुनुपर्छ । त्यो दलको वर्गीय स्वार्थ के हो ? प्रस्ट हुनुपर्छ । त्यो दलले कुन वर्गका जनताको पक्ष लिन्छ ? त्यो थाहा हुनुपर्छ । कुनै दलले सामन्त, जमिनदार, पुँजीपतिवर्गको प्रतिनिधित्व गर्छ भने त्यसले व्यापक जनताको हित गर्दैन; हितको निम्ति ऐन कानुन बनाउँदैन ।

हरेक राजनीतिक दल राष्ट्र र व्यापक जनताको हितको निम्ति लाग्नुपर्छ । मानव जनताको मुक्ति र कामदार जनताको हितको निम्ति दल खोल्नुपर्छ । देश र समुदाय छोडेर व्यक्तिगत र दलगत स्वार्थमा लाग्ने दलले देशको अनुहार फेर्दैन । देशलाई कमाउने भाँडो बनाउने दलका नेताहरू कहिले पनि स्थिर हुँदैनन् । उनीहरू विचार फेर्दै, जनतालाई झुक्याउँदै अघि बढिरहेका हुन्छन् । निर्वाचन वैचारिक सङ्घर्ष गर्ने थलो हो; दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याउने भरपर्दो बाटो हो । यो बेला कुनै दलका नेता र उम्मेदवारलाई हिलो छ्यापेर हुनसम्मको गाली गरेर जनताको मत आफूतिर आकर्षित गर्ने होइन । निर्वाचनमा हल्ला गरेर जित्ने होइन; जनतासामु जनतालाई परेको समस्या समाधान गर्न अघि सर्ने, आवाज बुलन्द गर्ने दल र दलका उम्मेदवार चयन गर्नुपर्छ । कम्युनिस्टहरू दूरदर्शी हुन्छन् । सच्चा नेताहरू व्यक्तिवादी हुँदैनन् । उनीहरू अहङ्कारी हुँदैनन् । बरु उनीहरू आफ्नो लक्ष्य प्राप्त गर्न जनतामाझ गइरहन्छन्; जनतालाई सुसूचित पार्ने काम गरिरहन्छन् । उनीहरू एक समय, एक क्षण होइन जीवनको अन्तिम घडीसम्म जनतामाझ भिजिरहेका हुन्छन् । उनीहरू सिद्धान्तनिष्ठ हुन्छन्; जवाफदेही हुन्छन् । दृढ अडानका साथ उनीहरू सिद्धान्तभन्दा बाहिर हाम फाल्दैनन् ।

देशमा स्थापना भएका सबै दलहरू यसरी नै अघि बढ्नुपर्ने हो । तर, आफूलाई ठुला, कम्युनिस्ट भनिएका दलका नेताहरू सरकारको नेतृत्व गर्न, सरकारमा जान सिद्धान्त र विचार छोड्छन्; भागबन्डामा सामेल भएर विचारलाई बन्धक राख्छन् । आफू सरकारमा जान या नेतृत्व गर्न शत्रु र मित्र भन्दैनन्; दूरदर्शी कुरा सोच्दैनन् । यही कारण सत्तासीन दलले देशमा खासै राम्रो काम गर्न नसकेको हो । सबै खालका शोषण, थिचोमिचो अन्त्य गर्न अघि सर्नुपर्ने दलका नेताहरू भ्रष्टाचार, अनियमितता, बेथितिमा फसेपछि देशमा कसरी सुशासन हुन्छ ? कम्युनिस्टहरू सङ्गठित र अनुशासित पार्टीको निर्माण गर्न समाजमा रहेका सडेगलेका भ्रष्टाचारीहरूलाई बढार्नेतर्फ लाग्नुपर्छ । कामदार वर्गीय भावनाको विकास गरी भ्रष्टाचारको दुर्गन्धविरुद्ध सङ्घर्ष गर्नुपर्छ । शोषितपीडित जनताको प्रतिनिधित्व गर्ने दलको खाँचो हुन्छ । कुनै पनि दलले सत्तामा गएपछि एकथरीको सिद्धान्त र विचार तथा सरकारमा नभएपछि अर्को थरीको सिद्धान्त र विचार आत्मसात गर्दैन ।

सरकारमा पुगेका कम्युनिस्ट भनिने दलका नेताहरूले क्रान्तिकारी बाटो भुले; सत्ता राजनीतिमा भुले । सरकारको नेतृत्व गर्न पाएपछि क्रान्तिकारी विचार छोडेर दलगत र व्यक्तिगत स्वार्थ खोज्ने दलका नेताहरू कसरी सच्चा कम्युनिस्ट हुन्छन् ? क्रान्तिकारी हुन्छन् ? विदेशी इसारामा चल्ने, बस्ने, दास मानसिकताले काम गर्ने, पतित, भ्रष्ट, घमण्डी र नोकरशाही व्यवहार गर्ने दलका नेताहरूको भरमा देशमा न परिवर्तन हुन्छ न त विज्ञान र प्रविधि तथा विकासको उचाइमा पुग्छ । प्रत्येक कम्युनिस्टहरू कठिन र कष्ट साध्य जीवन पार गर्दै अघि बढ्छन् । आफ्नो सैद्धान्तिक तथा देश विदेशका आन्दोलनको अध्ययन गरेर उनीहरू आफ्नो विचारलाई तिखार्ने काम गर्छन् । परिवर्तनको निम्ति लाग्ने नेता कार्यकर्ताहरू निरास हुँदैनन्; काम गर्न थाक्दैनन् । उनीहरू प्रतिक्रान्तिकारी, सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहाविरुद्ध लडी समाजको संरचना फेर्नेतर्फ निरन्तर अघि बढिरहन्छन् । उनीहरू क्रान्तिकारी गुण र क्षमता बढाउँदै समाजलाई साँचोमा ढाल्ने अठोट गर्छन् ।

कामदार जनताको पक्षमा सङ्घर्ष गर्ने राजनीतिक दलहरू आफ्नो देशको मुक्तिको निम्ति मात्र होइन थिचोमिचोमा परेका राष्ट्र र मानव जातिको मुक्तिको निम्ति निरन्तर लागिरहन्छन् । उनीहरू देश र जनता छोडेर कहिले पनि व्यक्तिगत स्वार्थमा भुल्दैनन् । वास्तवमा देशका बहुमत जनताको मुक्ति भएपछि नै मानव जातिको मुक्ति हुन्छ । प्रश्न उठ्छ, पुँजीवादी व्यवस्थामा पसेर कसरी आमूल परिवर्तन हुन्छ ? तर, विडम्बना ! तिनीहरू पुँजीवादी व्यवस्थाभित्र पसेर आमूल परिवर्तन गर्ने सपना बाँड्छन् । देशका ठुला भनिने कम्युनिस्ट पार्टीहरूको यही कमजोरी हो ।

देशका शासकहरू देशमा बढ्दै गएको विदेशी चलखेलबारे किन चिन्ता व्यक्त गर्दैनन् ? आर्थिक सहयोग र विकासको नाउँमा देशमा विदेशी चलखेल बढ्नु राम्रो सङ्केत होइन । नेपाली भूमिमा विदेशीहरूको चलखेल र परेडले देशमा शान्ति भड्किन्छ या अशान्ति फैलिन्छ । देशमा भड्काउने, जनता-जनताबिच असामञ्जस्य फैलाउने र शक्तिलाई सही ठान्ने दलका नेताहरू देश र जनताबारे किन चिन्ता लिँदैनन् ? शासक दलका नेताहरू जिम्मेवार नहुँदा, देश र जनताप्रति समर्पित नहुँदा देश र जनताले धेरै हण्डर खाइसकेका छन् । तर पनि सत्तासीन दलका नेताहरू चेतिएनन्; बिउँझिएनन् । फस्वरूप देशमा अन्योल छाएको छ; देशलाई कसले कहाँ पुऱ्याउने हो कुनै निश्चित छैन ।

# नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाउने पार्टी

✍ प्रज्ज्वल

नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरुद्धको आन्दोलन हो । पार्टीका अग्रजहरूले २०१९-२० सालदेखि बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हकको आन्दोलन, साँढे धपाउने आन्दोलन सुरु गर्नुभएको थियो ।

संवत् २०२७ सालमा भारतीय विस्तारवादले सेना पठाएर पाकिस्तानको अभिन्न अङ्ग पूर्वी पाकिस्तानलाई बङ्गलादेश घोषणा गरायो । पार्टीका अग्रजहरूले त्यसको पनि विरोध गर्नुभयो । भारतीय विस्तारवादले २०३१ सालमा सार्वभौम देश सिक्किमलाई निल्यो । पार्टीका अग्रजहरूले त्यसको पनि विरोध गर्नुभयो ।

सोभियत सङ्घमा स्तालिनको मृत्युपछि नेतृत्वमा आएकाहरूले वर्गसङ्घर्ष त्याग्ने र निर्वाचनबाट चुनाव जित्ने संशोधनवादी नीति लिए । पार्टीका अग्रजहरूले त्यो संशोधनवादी नीतिको खण्डन गर्नुभयो ।

नेपालको कम्युनिस्ट आन्दोलनलाई ठीक बाटोमा हिँडाउन अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले संवत् २०३१ साल माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापना गर्नुभयो । समुद्रमा जहाजहरू ठुल्ठुला चट्टानमा नठोक्किने गरी टाढादेखि देखिने बिजुली बलेको प्रकाश स्तम्भ राखिएको हुन्छ । नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा त्यही प्रकाशस्तम्भको रूपमा काम गर्दै छ ।

सोभियत रुसमा समाजवादी क्रान्ति सम्पन्न भएको ३५ वर्षभित्र संसारको दोस्रो अर्थतन्त्रमा उक्लियो । नेपालका शासक दलहरूको अकर्मण्यताको कारण कृषिप्रधान देश नेपाल खाद्यान्नमा परनिर्भर बन्दै छ । नेपालका शासकहरूले सोभियत सङ्घबाट पाठ सिक्न सकेनन् ।

संरा अमेरिकाले जापानको हिरोसिमा नागासाकीमा खसालेको आणविक बमको कारण अहिलेसम्म त्यहाँ बिरुवा उम्रन सकेको छैन । त्यहाँ बच्चाहरू विकलाङ्ग जन्मिन्छन् । यसर्थ, हतियार उत्पादन र युद्धको विरोध गर्नु जरुरी छ ।

**निर्वाचन घोषणापत्रको आधारमा हुनुपर्ने**

निर्वाचन घोषणापत्रको आधारमा हुनु आवश्यक छ । नेमकिपाको घोषणापत्रमा विद्यालय शिक्षा नि:शुल्क, देशभित्र रोजगारीको बन्दोबस्त, स्वास्थ्य उपचार नि:शुल्क, कृषिमा आत्मनिर्भर बनाउने, जोत्नेलाई जमिन वितरण गर्नेलगायत विषय उल्लेख हुँदै आएको छ । शासक दलहरूले यी विषय समेटेका छैनन् । शासक दलहरूले महँगी नियन्त्रण गर्ने, भ्रष्टाचार रोक्ने, देश समृद्ध बनाउने विषय उठाएको ३५ वर्ष भयो, तर केही सीप लागेन ।

विगत २० वर्षको तथ्याङ्कले हरेक वर्ष नेपालको खेती ०. ६ प्रतिशतले घटेको देखाएको छ । शासक दलहरूले युवाहरूलाई विदेश पठाएको र देशको सन्तुलित विकास नगरेको हुँदा नेपालमा खेती कम हुँदै छ ।

निर्वाचन जनताको चेतनास्तर नाप्ने व्यारोमिटरजस्तै हो । कामदारवर्गले शोषकवर्गको विरुद्ध सङ्घर्ष गर्ने एउटा थलो निर्वाचन पनि हो । त्याग, तपस्या, बलिदान र सेवाको क्षेत्र राजनीति हो । शासक दलहरूमा यो प्रतिबद्धता देखिएन ।

शासक दलका नेताहरू मन्त्री निवासको नाममा दरबारमा बस्न थाले । प्रदेश प्रमुख र मुख्य मन्त्रीहरू भैँसेपाटीमा सरकारी आवास निर्माण गरेर बस्नुको सट्टा आफ्नै प्रदेशमा बस्नुपर्ने हो । सङ्घीय राजधानी काठमाडौँमा प्रदेश मुख्य मन्त्रीको सुविधासम्पन्न आवास बनाउनुभन्दा जिल्ला जिल्लामा जनताको निम्ति अस्पताल, विद्यालय, कलेज स्थापना गर्नु जरुरी छ ।

नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भक्तपुर नगरपालिकाले सञ्चालन गरेका शैक्षिक संस्थाहरूमा ७७ जिल्लाकै विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गर्ने अवसर पाए ।

कम्युनिस्ट घोषणापत्रमा मार्क्स एङ्गेल्सले लेख्नुभयो, "सर्वहारावर्गसँग जित्नको निम्ति सारा संसार छ; हार्नको निम्ति आफूलाई बाँधिएको सिक्रीबाहेक छैन ।" यो यथार्थबारे नेपालका मजदुर, किसान र कामदारवर्गलाई शिक्षित गर्नु आवश्यक छ ।

मार्क्स आफ्नो छोराछोरीको बिनाउपचार मृत्यु हुँदा पनि मजदुरवर्गको सेवा गर्ने आफ्नो अडानबाट विचलित हुनुभएन । नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यू पनि मजदुर र किसानवर्गको पक्षमा दृढ अडान लिएर सेवा गर्दै हुनुहुन्छ । यो अडानमा हामी सबै कार्यकर्तासँग लाग्नु जरुरी छ ।

शासक दलहरूले देश र जनताको नि:स्वार्थ सेवा नगरेको र सम्भावित विध्वंसबारे पूर्वानुमान गर्न नसकेको हुँदा साम्राज्यवादीहरूको उक्साहटमा भदौ २३ र २४ गतेको घटना घटेको विदेशीहरूले बोलिरहेको सार्वजनिक भइरहेको छ । नेपाली जनता सचेत हुनुपर्दछ ।

भेनेजुयलाको सुन, तेल, ग्यासलगायतका खनिज तथा प्राकृतिक स्रोतहरू अमेरिकी कम्पनीहरूसमेतले कब्जा गरेका थिए । भेनेजुयलामा ह्युगो चाभेज सत्तामा आएयता ती कम्पनीहरू राष्ट्रियकरण गरियो । निकोलस मादुरोले पनि चाभेजकै नीति अनुशरण गरेको कारण ट्रम्प प्रशासनले मादुरो दम्पत्तीलाई अपहरण गरी भेनेजुयला कब्जा गरेको खुलिरहेको छ । ट्रम्प प्रशासनको यो अपहरण र कब्जाको संसारका न्यायप्रेमी जनतासँगै नेमकिपाले विरोध गर्दै छ ।

संसारमा भएका ८ अर्ब मान्छेमध्ये ६० हजार मान्छेसँग आधाभन्दा बढी सम्पत्ति कब्जामा रहेको सार्वजनिक भयो । यसकारण, निर्वाचनमा पुँजीवादी पार्टीहरूलाई मत दिनु हुँदैन ।

नेपालका शासक दलहरूले फेरि पनि सिद्धान्तहीन मोर्चा र सत्ता गठबन्धन बनाउने सम्भावना छ । भर्खरै सम्पन्न राष्ट्रियसभाको चुनावमा काङ्ग्रेस एमालेबिच गठबन्धन भयो । यस्तो गठबन्धनले देश र जनताको हित गर्दैन ।

# भ्रष्टको मकुन्डो र निरीह जनताको नियति

• इकुश्रे

नेपालको राजनीतिक रङ्गमञ्चमा एउटा यस्तो विद्रूप प्रहसन बारम्बार मञ्चन भइरहन्छ, जहाँ पात्रहरू उही हुन्छन् र प्रवृत्ति पनि उस्तै रहन्छ; मात्र चुनावको मिति र पात्रहरूले लगाउने मकुन्डो फेरिएको हुन्छ । लोकतन्त्रको आदर्श सिद्धान्तअनुसार निर्वाचन नागरिकका लागि आशाको नयाँ किरण र परिवर्तनको ढोका बन्नुपर्ने हो तर नेपाली सन्दर्भमा यो एउटा विडम्बनापूर्ण कर्मकाण्ड मात्र बनेको छ । उम्मेदवारको सूची पल्टाएर हेर्ने हो भने त्यहाँ देश बनाउने स्पष्ट मार्गचित्र र भिजन बोकेका चिन्तकहरूभन्दा पनि भ्रष्टाचारको दलदलमा डुबेका, अदालतको कठघरामा उभिनुपर्ने हैसियत भएका र गुण्डागर्दीको आडमा सत्ताको सिँढी चढ्न खोज्ने पात्रहरूको बाहुल्य देखिन्छ । यसले हाम्रो लोकतन्त्र कता जाँदै छ भन्ने गम्भीर प्रश्नमात्र उठाएको छैन बरु बदनाम अनुहारहरूलाई नै पुन: 'वैधानिकता' दिलाउने एउटा कानुनी र संवैधानिक प्रपञ्चको रूपमा निर्वाचनलाई स्थापित गरिदिएको छ ।

हामीकहाँ देखिएको यस प्रकारको राजनीतिक गतिरोधको सबैभन्दा बिझाउने र पीडादायी पक्ष नेतृत्वमा देखिएको अचाक्ली जडता र शक्तिको आशक्ति हो । जब सत्ता र शक्तिको वरिपरि घुमिरहन्छ, तब त्यहाँ राजनीतिक विचारको सट्टा केवल व्यक्तिगत स्वार्थको खेती मौलाउन थाल्छ, जसले पार्टीलाई एउटा जीवन्त संस्थाबाट गुटको झुण्डमा परिणत गरिदिन्छ । यही निराशाको गर्भबाट निस्केको स्वर अहङ्कारविरुद्धको एउटा कडा मानसिक विद्रोह हो ।

ठुला भनिएका पात्रहरूमा "मभन्दा ठुलो र जान्ने अरू कोही छैन" भन्ने एउटा भयानक र विषाक्त अहङ्कार पलाएको छ, जसले उनीहरूलाई सामाजिक नैतिकताभन्दा माथि राखेको छ । यो अहङ्कारले उनीहरूलाई यति अन्धो बनाएको छ कि उनीहरू आफूलाई कानुन, संविधान र मानवीय मूल्य-मान्यताभन्दा धेरै माथि ठान्छन् र राज्यका स्रोतहरूलाई निजी बक्सिस जस्तै ठान्छन् । उनीहरूका लागि राजनीति सेवा होइन, बरु एउटा यस्तो आकर्षक लगानी हो जहाँबाट अकुत सम्पत्ति, असीमित शक्ति र सात पुस्तालाई पुग्ने वैभव आर्जन गर्न सकिन्छ । सत्तामा पुग्नका लागि उनीहरूले गर्ने प्रपञ्च र जालझेल कुनै प्रख्यात जासुसी उपन्यासको काल्पनिक कथाभन्दा कम हुँदैन, जहाँ निष्ठा र आदर्शको कुनै स्थान रहँदैन । सत्ता र व्यक्तिगत स्वार्थको रक्षाका लागि यिनीहरू जस्तोसुकै अपवित्र र अस्वाभाविक साँठगाँठ गर्न पनि माहिर छन्, जसले राजनीतिको उच्च गरिमा र निष्ठालाई सडकको धुलोमा मिसाइदिएको छ ।

सिद्धान्तहीन राजनीतिको पराकाष्ठा तब देखिन्छ, जब हिजोसम्म एकअर्कालाई 'राष्ट्रिय शत्रु', 'अवसरवादी' वा 'भ्रष्ट' भनेर गाली गर्नेहरू आज कुर्सीको गणित मिलाउन अङ्गालो हाल्दै एकअर्काको गुनगान गाउन थाल्छन् । यिनीहरूको बोलीमा ओठे प्रतिबद्धता र समृद्धिका गफ त टन्नै हुन्छन् तर कार्यशैलीमा भने सधैँ व्यक्तिगत लाभ, नातावाद र राष्ट्रिय ढुकुटीको दोहन गर्ने दाउपेच मात्र लुकेको हुन्छ । यो नैतिकताहीन राजनीतिको सबैभन्दा ठुलो असर राज्यका संयन्त्रहरूमा परेको छ, जहाँ विधि र पद्धतिभन्दा नेताको आदेश र खल्तीका मान्छेहरू हाबी हुने गरेका छन् । शक्तिको उन्मादमा रहेका यस्ता पात्रहरूले राज्यलाई एउटा निजी कम्पनी जस्तो बनाइदिएका छन्, जहाँ नागरिकका आधारभूत आवश्यकताभन्दा पनि नेताका आसेपासेहरूको विलासिताले प्राथमिकता पाउँछ । यसरी राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरणले गर्दा आज आम मानिसले राज्यका संस्थाहरूप्रति पूर्ण भरोसा गुमाउँदै गएका छन् ।

समाजको सबैभन्दा ठुलो विडम्बना के छ भने, यस्ता बदनाम पात्रहरूको वरिपरि पनि एउटा ठुलो 'भक्त मण्डली' निरन्तर घुमिरहेको र उनीहरूको कुकर्मको प्रतिरक्षा गरिरहेको भेटिन्छ । यो भक्त मण्डलीको संरचना निकै रोचक र उत्तिकै भयावह छ, जसमा नेताको आशीर्वादबाट सानोतिनो व्यक्तिगत फाइदा लिएका र लिन चाहने स्वार्थी समूहहरूको वर्चस्व छ । कसैले आफ्ना मान्छेलाई नियम मिचेर जागिर खुवाए होलान्, कसैले ठेक्कापट्टा हात पारे होलान् त कसैले आफ्नो कानुनी लफडा वा अपराधबाट नेताको आडमा उन्मुक्ति पाए होलान् । "जसको नुन खायो, उसैको गुन गाउनुपर्छ" भन्ने एउटा सङ्कुचित, पुरातनवादी र दास मानसिकताले यी मानिसहरूलाई यसरी जकडेको छ कि उनीहरू विवेकको आँखा चिम्लेर बस्छन् । उनीहरूका लागि देशको बर्बादी र भविष्यको चिन्ताभन्दा नेताको खुसी र आफ्नो स्वार्थको रक्षा ठुलो भएको छ, जसले भ्रष्टहरूलाई झन् बढी शक्तिशाली र निडर बनाइरहेको छ ।

समाजका विकृतिविरुद्ध बोल्नुपर्ने र सत्यको पक्षमा उभिनुपर्ने बौद्धिक भनिएको तप्का नै जब भ्रष्टको झन्डा बोकेर हिँड्न थाल्छ, तब समाजको नैतिक पतनको पराकाष्ठा सुरु हुन्छ । ती भक्तहरू र तथाकथित बुद्धिजीवीहरू यो बुझ्न चाहँदैनन् कि नेताले उनीहरूलाई दिएको त्यो सानो 'बक्सिस' वास्तवमा राष्ट्रको ढुकुटीबाट लुटिएको अर्बौंको हिस्साको एउटा सानो अंशमात्र हो । उनीहरू आफ्नो क्षणिक र तुच्छ फाइदाका लागि समग्र देश र आउने पुस्ताको भविष्यलाई निर्ममतापूर्वक भ्रष्टको हातमा सुम्पिन तयार हुन्छन् । नेताको भक्तिमा अन्धो भएका यी झुण्डहरूले नै समाजमा 'गुण्डा संस्कृति' र 'दलालतन्त्र' लाई संस्थागत गरिरहेका छन्, जसले गर्दा इमानदार मानिसहरू पाखा लाग्दै गएका छन् । उनीहरूले विवेकको ढोका पूर्णत: बन्द गरेका छन् र केवल शक्तिको भजन गाउन सिकेका छन्, जसले लोकतन्त्रको आधारभूत जगलाई नै खोक्रो बनाइरहेको छ ।

यहीँनेर सबैभन्दा बढी मारमा परेका छन् - सोझा, इमानदार र निरीह जनता, जसलाई सधैँ राजनीतिक दलहरूले आफ्नो भोट बैङ्कको रूपमा मात्र प्रयोग गरिरहेका छन् । आम नागरिकलाई एउटा यस्तो मनोवैज्ञानिक जालमा फसाइएको छ कि उनीहरूलाई लाग्न थाल्छ - तिनै पुराना, पटक-पटक परीक्षण भएका र असफल साबित भएका पात्रहरू नै उनीहरूको भाग्य र भविष्यका मसिहा हुन् । विकल्पको अभाव देखाइने डरलाग्दो वातावरण, चरम गरिबी र "जसलाई जिताए पनि हुने त उस्तै हो" भन्ने चरम निराशाको फाइदा तिनै भ्रष्टहरूले योजनाबद्ध रूपमा उठाइरहेका छन् । कस्तो उदेकलाग्दो स्थिति छ भने, जसले दशकौँदेखि देशको स्रोत-साधनलाई निजी सम्पत्तिझैँ दोहन गरे, तिनैले आज फेरि 'नयाँ नेपाल' र 'समृद्धि' को नारा घन्काउँदै भाषण गरिरहेका छन् ।

बाँकी पृष्ठ ७ मा

# प्रजातान्त्रिक पथमा हिँडेको इरानलाई पश्चिमा साम्राज्यवादले कसरी विमुख गर्‍यो ? – २

● योगेन्द्र

## राष्ट्रिय मोर्चा र मोसादेग

सन् १९४४ मा पुनः संसद्मा निर्वाचित भइसकेपछि मोसादेगको एक सूत्रीय योजना थियो - आफ्नो देशको सम्पत्ति खनिज तेललाई राष्ट्रियकरण गरी बेलायती तेल कम्पनीको अन्यायपूर्ण एकाधिकारको अन्त्य गर्ने । इरानको भूमिमा भएको खनिज तेलको उत्खननको लागि बेलायती कम्पनी 'एन्ग्लो पर्सियन आयल कम्पनी' (APOC) सन् १९०८ मा नै स्थापना गरिसकेको थियो । पहिलो विश्वयुद्ध सुरु हुनुअगावै सन् १९१४ मा सो कम्पनीले तेलको उत्पादन सुरु गरिसकेको थियो । त्यतिबेला बेलायती सरकारको यस कम्पनीमा ५१ प्रतिशत शेयर थियो । तेलबाट हुने नाफाको १६ देखि १७ प्रतिशतसम्म मात्र इरानले पाउँथ्यो र बाँकी सबै बेलायती कम्पनीको आम्दानी हुन्थ्यो ।

यतिमात्र होइन अझ तेल कारखानामा काम गर्ने इरानी कामदारहरूले उनीहरूको आफ्नै भूमिमा बेलायतीहरूबाट धेरै दुर्व्यवहार र अपमान सहनुपर्थ्यो । यस्तै, अपमानका कारण बेलाबेलामा मजदुरहरूले हडताल गर्थे । यस्तै, एउटा हडतालको क्रममा प्रहरी दमनका कारण २०० जना कामदारले ज्यान गुमाउनुपरेको थियो । यसरी तेलको स्वार्थको कारणले राजनीतिदेखि अन्य कुरामा समेत बेलायती सरकारको हस्तक्षेपले इरानलाई अप्रत्यक्षरूपमा आफ्नो उपनिवेश बनाउँदै थियो । इरानका देशभक्त जनता यसबाट पार पाउन आतुर थिए । फ्रान्समा उच्च शिक्षा र स्वीजरल्यान्डमा कानुनमा विद्यावारिधी गरेका र इरानी सरकारको विभिन्न ओहडामा बसेर जिम्मेवारी बहनसमेत गर्दै आएका मोसादेग यी कुराबाट अनभिज्ञ थिएनन् । देशलाई विदेशी हस्तक्षेपबाट मुक्त गरी स्वतन्त्र राज्य, कानुनी राज्य, संसदीय प्रणालीको प्रजातन्त्र, धर्म निरपेक्ष र आर्थिकरूपमा समेत स्वतन्त्र राष्ट्र बनाउने उनको महाअभियानप्रति बहुमत इरानी राजनीतिक दल र संसद्मा प्रतिनित्व गर्ने समूहहरूको समर्थन थियो ।

यता मोसादेगको यस देशभक्तिपूर्ण अभियानले बेलायत र उनका कठपुतली रेजा पल्हवी चिन्तित थिए । उनको यस अभियानलाई विफल पार्ने एउटामात्र उपाय निर्वाचनमा धाँधली गरी उनलाई संसद्मा प्रतिनिधि हुनबाट वञ्चित गर्ने । बेलायतको कठपुतली सरकार र बेलायतको तावेदारी गर्ने हुने खाने वर्गले आफ्ना विरोधीलाई पन्छाउन पहिलादेखि गर्दै आएको यो एक षड्यन्त्र थियो । आफ्नो अभियानमा सफल हुन देशभक्तहरूलाई पहिला यही षड्यन्त्रलाई रोक्नु आवश्यक थियो । त्यसैले, निर्वाचन हुनपूर्व निर्वाचन धाँधलीरहित बनाउने माग गरी विशाल प्रदर्शनहरू भए । धेरै राजनीतिक समूहरूको एक मोर्चा गठन गरी यसको नेतृत्व स्वयम् मोसादेगले गरी निर्वाचन स्वतन्त्र र धाँधलीरहित बनाउन सुनिश्चितताको लागि रेजा पल्हवीलाई दबाब दिन थाले । यही अभियानले बेलायती सरकार र रेजा शाह पल्हवीले निर्वाचनमा धाँधली गर्न हिच्किए । निर्वाचनमा मोसादेगले नेतृत्व गरेको त्यही मोर्चा 'जेबही मेली' (राष्ट्रिय मोर्चा वा National Front) बन्यो । आखिरमा सन् १९४९ मा भएको आम निर्वाचनमा यही मोर्चाले अत्यधिक बहुमत पायो र संसद्मा ९० प्रतिशतको अत्यधिक बहुमतले मोसादेग प्रधानमन्त्री चुनिए ।

> मुद्दाको सुनुवाइको क्रममा मोसादेगले भने – हो, मैले पाप गरेँ, आफ्नै देशको तेललाई राष्ट्रियकरण गरी ठुला साम्राज्यहरूले दुर्बल देशहरूमाथि गर्दै आएको राजनीतिक र आर्थिक शोषणलाई निन्दा गरे तथा यसको अन्त गर्न खोजेँ ।... मैले आफ्नो जीवन, सम्पत्ति र परिवारलाई दाउमा राखेर, ईश्वरको कृपा र जनताको आकाङ्क्षालाई शिरोपर गरी यो जङ्गली र घीनलाग्दो अन्तर्राष्ट्रिय षड्यन्त्र र औपनिवेशिक प्रणालीको विरोध गरेँ । मलाई पूर्ण विश्वास छ; मैले गरेको कार्य भविष्यमा सिङ्गो मध्यपूर्वमा औपनिवेशी दासता र पराधीनताको सिक्री चुडाल्न एउटा उदाहरण हुनेछ ।...



डा. मोहम्मद मासादेग जनतामाझ

## इरानी तेललाई राष्ट्रियकरण गर्ने अभियान

मोसादेग अत्यधिक बहुमतले प्रधानमन्त्री चुनिनुको स्पष्ट अर्थ थियो - इरानी तेलको राष्ट्रियकरण । राष्ट्रिय मोर्चामार्फत मोसादेगले इरानलाई आधुनिकीकरणको बाटोमा दोहोर्‍याउन विभिन्न नीतिसहितको योजनाको खाका कोरेका थिए । तीमध्ये - कृषिको आधुनिकीकरण र औद्योगिकीकरण गरी तेलमा मात्र निर्भर नरहने राष्ट्रिय नीति, महिला, किसान तथा कामदारवर्गको हक अधिकारको सुनिश्चितता, सामाजिक सुधारहरू, ग्रामीण विकासका लागि कृषकलाई अनुदान आदि थिए । साथै, असंलग्न नीतिलाई राष्ट्रिय नीतिको रूपमा अङ्गीकार गर्ने । तर, यी सबै योजना र नीतिलाई कार्यान्वयन गर्न ठुलो रकम आवश्यक थियो । यसको लागि तेल कारखानालाई राष्ट्रियकरण गर्नु अपरिहार्य थियो । संसद्ले तेल राष्ट्रियकरण गर्ने प्रस्तावलाई मार्च २०, १९५१ मा नै अनुमोदन गरिसकेको थियो । बेलायती सरकारले यस प्रस्तावलाई ठाडो अस्वीकार गर्‍यो र रेजा शाह पल्हवीले विधेयकमा हस्ताक्षर गर्न आनाकानी गर्‍यो । यतिबेलै प्रस्ट भयो इरानी राजा इरानी जनताप्रति होइन बेलायतप्रति बफादार थिए । जनदबाबका कारण बेलायती तेल कम्पनीले इरान छोड्न बाध्य भयो । भनिन्छ, २०० वर्षको बेलायती साम्राज्यवादको इतिहासमा बेलायत पछि हट्नुपरेको यो पहिलो घटना हो । त्यसैले, बेलायतले इरानको विरोधमा आर्थिक नाकाबन्दीको घोषणा गर्दै सैनिक हस्तक्षेप गर्ने धम्की दियो । अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिलाई बुझेका मोसादेग कूटनीतिक वार्ता र आफ्नो देशको अधिकारको रक्षा गर्न र समस्या समाधानका लागि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा अपिल गर्न न्युयोर्कसम्म पुगे ।


प्रधानमन्त्री मोसादेग अन्तर्राष्ट्रिय न्यायालयमा आफ्नो दलिल पेस गर्दै ।

## मोसादेगको अन्तर्राष्ट्रिय कूटनीतिक अभियान

एक सार्वभौम देशको खनिज तेलको राष्ट्रियकरण गर्ने उसको नैसर्गिक अधिकार भएको दलिल पेस गर्दै इरानको तेलको व्यापारबाट बेलायतले सन् १९५० को एक वर्षमा आम्दानी गरेको रकम र उसले विगत ५० वर्षमा इरानलाई बुझाएको रकम बराबर भएको तथ्यसहितको उनको प्रस्तुतीकरणले सबैलाई प्रभावित पार्‍यो । तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रुमेनलाई पनि उनले भेटेर बेलायत र इरानबिचको वैमनस्यतालाई अमेरिकाले सहजीकरण गर्न र इरानलाई ऋणको रूपमा आर्थिक सहयोग गर्न आग्रह गरे । करिब ६ हप्तासम्म उनले गरेको यस अभियानलाई पश्चिमा देशहरूले सुनेनन् र उनलाई खाली हात फर्काए । तर, उनको अभियानबाट अन्तर्राष्ट्रिय मिडिया प्रभावित भएर प्रख्यात टाइम म्यागाजिनले उनलाई सन् १९५२ को वर्ष पुरुष घोषणा गर्‍यो ।

मोसादेगले हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयमा बेलायतको इरानविरुद्धको मुद्दाको जवाफमा २०० भन्दा बढी दस्ताबेज पेस गरेका थिए । अन्तमा, अन्तर्राष्ट्रिय अदालतले इरान र बेलायतबिचको तेलसम्बन्धीको विवाद आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भनेर बेलायतको मुद्दा खारेज गर्‍यो र लगत्तै संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले पनि इरानकै पक्षमा फैसला गर्‍यो । यस घटनाले मोसादेग र इरानप्रति अन्तर्राष्ट्रिय धारणा सकारात्मक त भयो तर देशभित्र विभिन्न विभाजन ल्याउन बेलायत र उनका कठपुतली रेजा पल्हवीले मोसादेगको विरुद्ध षड्यन्त्र रच्न सुरु गरिसकेको थियो । आर्थिक नाकाबन्दी लगाएर तेल बेच्न नपाउने, उनको बाह्य देशमा रहेको सम्पत्ति फ्रिज गर्ने वा जफत गर्ने, इरानको भूमिमा कसैले सामान बेच्न नपाउने तथा अन्य बाधा अड्चन खडा गर्दै गयो ।

## मोसादेगविरुद्ध सीआईए र एमआई ६ को विद्रोह

कानुनी लडाइँदेखि नाकाबन्दीसमेतले केही नलागेपछि अमेरिकी केन्द्रीय जासुसी संस्था सीआईएसँग मिली बेलायती जासुसी संस्था एमआई ६ (CIA & MI6) को संयुक्त प्रयासमा मोसादेगलाई सत्ताच्युत गर्ने हिंसात्मक बाटो अपरेसन अजाक्स् (Operation Ajax) अपनाए । १५ अगस्ट, १९५३ मा असफल भएपछि बेलायत र अमेरिकी गुप्तचर विभाग मिलेर ठुलो शक्ति लगाएर थुप्रैको हत्या गरेर १९ अगस्टमा सत्ता हत्याए । मोसादेग भाग्न त सफल भए तर उनको निवासमा हमला र आगजनी गरे । उनका समर्थक र साथीहरूलाई चरम यातना दिँदै जेलमा कोचे र धेरैको हत्या गरे । उनका विदेशमन्त्री डा. हुसेन फतेमीलाई गिरफ्तार गरी चरम यातना दिई छुरी घोची हत्या गरे । हत्याक्रमलाई रोक्न मोसादेगले गिरफ्तारी दिए । बेलायती साम्राज्यवादले उनलाई देशद्रोहको आरोप लगायो ।

मुद्दाको सुनुवाइको क्रममा उनले भने - हो, मैले पाप गरेँ, आफ्नै देशको तेललाई राष्ट्रियकरण गरी ठुला साम्राज्यहरूले दुर्बल देशहरूमाथि गर्दै आएको राजनीतिक र आर्थिक शोषणलाई निन्दा गरे तथा यसको अन्त गर्न खोजेँ ।... मैले आफ्नो जीवन, सम्पत्ति र परिवारलाई दाउमा राखेर, ईश्वरको कृपा र जनताको आकाङ्क्षालाई शिरोपर गरी यो जङ्गली र घीनलाग्दो अन्तर्राष्ट्रिय षड्यन्त्र र औपनिवेशिक प्रणालीको विरोध गरेँ । मलाई पूर्ण विश्वास छ; मैले गरेको कार्य भविष्यमा सिङ्गो मध्यपूर्वमा औपनिवेशी दासता र पराधीनताको सिक्री चुडाल्न एउटा उदाहरण हुनेछ ।...


रेजा शाह पल्हबी




टाइम म्याग्याजिनले डा. मोसादेगलाई सन् १९५३ को वर्ष पुरुष घोषणा

जननिर्वाचित प्रधानमन्त्री मोसादेगलाई देशद्रोहीको आरोप लगाई तीन वर्ष गोलघरमा राखी दुष्ट साम्राज्यवादी बेलायत र अमेरिकाको कठपुतली रेजा शाह पल्हवीको सरकारले निर्मम सजाय दिए । तीन वर्षपछि उनलाई बाँकी जीवन आफ्नै गाउँघर अहमदावादमा नजरबन्दमा बिताउने गरी पठाए जहाँ ८५ वर्षको उमेरमा उनको सन् १९६७ मा देहावसान भयो ।

यसरी दुनियाँभर प्रजातन्त्र र कानुनी राज्यको पाठ सिकाउने पश्चिमा साम्राज्यवादीहरूले एक देशभक्त र जननिर्वाचित नेतालाई हरेक अन्तर्राष्ट्रिय कानुन, मूल्य र मान्यतालाई भत्काउँदै सत्ताच्युत मात्र गरेनन्, देशलाई आधुनिक प्रजातान्त्रिक बाटोमा हिँडाउन लागिपरेका देशभक्तहरूको अपमान र हत्यामात्र गरेनन् - आफ्नो निहित स्वार्थ पूरा गर्न एक निरङ्कुश राजतन्त्रलाई पुनर्स्थापन गरे । इरानी सत्ताको चर्को आलोचना गर्ने लेखक सलमान रुस्दीले बेलायत र अमेरिकाको इरानी प्रजातन्त्र विरुद्धको यस कदमको घोर विरोध गर्दै आएका छन् ।

यो अपमानको बदला इरानी जनताले बल्ल २६ वर्षपछि सन् १९७९ इरानी जनक्रान्तिमार्फत रेजा शाह पल्हवीको सरकारलाई अपदस्थ गरी अमेरिका र बेलायतको साझा स्वार्थको अन्त गरे । यसैलाई निहुँ बनाई आज पर्यन्त अमेरिकाले ४६ वर्षदेखि इरानको विरोधमा आर्थिक नाकाबन्दी लगाउँदै उसको अर्थतन्त्रलाई ध्वस्त बनाउँदै आएको छ ।

तर, इजरायल र अमेरिकी जनताले बुझेकै विषय हो । इरान इरानी जनताको हो, अफगानिस्तान, इराक र सिरिया पनि इरानका छिमेकी देश हुन् । प्राचीन सभ्यताको यो देशका जनता भलै आफ्ना शासकलाई रुचाउँदैनन् तर देशलाई शिरमा राख्छन्, उनीहरूको देशप्रतिको अगाध माया र देशभक्तिको भावनाको कारण विदेशी हस्तक्षेप र दमनलाई सहँदैनन् । इतिहासले यही देखाउँदै आएको छ ।




विदेशी शक्तिले जतिसुकै कठपुतली सरकारमार्फत देश चलाउन खोजे पनि इरानी जनताले त्यसको प्रतिकार र बदला लिँदै आएको छ । आज फेरि अमेरिका र इजरायलले इरानमा हमला गरी कठपुतली सरकारलाई स्थापित गरेमा पनि त्यो कठपुतली सरकारलाई पनि इरानी जनताले ढिलो वा चाँडो फ्याँक्ने छन् ।

*-समाप्त*




संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यको डिले सहरस्थित दक्षिणी टेक्सास आप्रवासी बन्दीगृह अगाडि राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासनविरोधी नीतिको विरोध प्रदर्शनमा उत्रेका प्रदर्शनकारीहरूमाथि पिरो रसायन छर्केर धरपकड गर्न खोज्दै टेक्सासका सुरक्षा बल जनवरी २८, २०२६ का दिन । त्यस क्रममा आप्रवासी सामाजिक कार्यकर्ता लियाम रामोस  र उनका पितालाई पक्राउ गरिएको बताइएको छ ।


*तस्बिर : एपी/इरिक ग्रे*

# बेलायत–चीन सम्बन्ध सुदृढ गर्ने सहमति

पेइचिङ, १५ माघ (एपी) । बेलायत र चीनका नेताहरूले बढ्दो विश्वव्यापी अनिश्चितताको पृष्ठभूमिमा दुई देशबिचको सम्बन्धलाई अझ गहिरो बनाउन व्यापक रणनीतिक साझेदारीको आवश्यकता औँल्याएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नाम प्रत्यक्ष रूपमा नलिइए पनि विश्व व्यवस्थामा आएको उतारचढाव दुवै नेताको छलफलको केन्द्रमा रहेको देखिएको छ ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटमा जलवायु परिवर्तन र विश्वव्यापी स्थिरताजस्ता चुनौतीपूर्ण विषयमा सहकार्य गर्दै सम्बन्धलाई मजबुत बनाउनु आवश्यक रहेको बताउनुभयो । दुवै नेताबिच पेइचिङस्थित ग्रेट हल अफ द पिपलमा भेट भएको हो । बेलायत-चीन सम्बन्ध पछिल्ला वर्षहरूमा जासुसी आरोप, युक्रेन युद्धमा रुसप्रति चीनको समर्थन र हङकङमा स्वतन्त्रतामाथि लगाइएको नियन्त्रणका कारण तनावग्रस्त बनेको थियो । आठ वर्षपछि चीन भ्रमण गर्ने पहिलो बेलायती प्रधानमन्त्री स्टार्मर नै हुनुहुन्छ ।

राष्ट्रपति सीले विगतका वर्षहरूमा सम्बन्धमा अवरोध आएको स्वीकार गर्दै वर्तमान जटिल अन्तर्राष्ट्रिय परिस्थितिमा



शान्ति र स्थिरताका लागि वार्ता र सहकार्य सुदृढ गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले राष्ट्रिय सुरक्षा र मानव अधिकारसम्बन्धी चिन्ताबिच चीनसँग संवाद अघि बढाउन स्टार्मरले सामना गर्नुपरेको आलोचनालाई पनि सङ्केत गर्नुभयो ।

प्रधानमन्त्री स्टार्मरले चीनसँग कूटनीतिक संवाद र आर्थिक सहकार्य कायम राख्दै राष्ट्रिय सुरक्षाको रक्षा गर्ने नीति अपनाएको स्पष्ट पार्नुभयो । उहाँले सरकारमा आएपछि बेलायतलाई अन्तर्राष्ट्रिय रूपमा पुन: सक्रिय बनाउने वाचा गरेको स्मरण गराउँदै विदेशमा हुने घटनाले घरेलु अर्थतन्त्र र जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने उल्लेख गर्नुभयो ।

आर्थिक वृद्धि र जीवनयापन लागतको दबाब सामना गरिरहेको बेलायती सरकारले चीनमा व्यापारिक अवसर विस्तार गर्न खोजेको छ । यसै क्रममा स्टार्मरको भ्रमणमा ५० भन्दा बढी शीर्ष व्यापारीहरू सहभागी भएका छन् ।

ट्रम्पको नेतृत्वमा विश्वव्यापी व्यापारमा आएको अवरोधका कारण धेरै मुलुक नयाँ साझेदारी खोज्न सक्रिय बनेका छन् । यसै सन्दर्भमा स्टार्मर दक्षिण कोरिया, क्यानाडा र फिनल्यान्डपछि यस महिना पेइचिङ भ्रमण गर्ने चौथो अमेरिकी सहयोगी देशका नेता हुनुहुन्छ । उहाँले बिहीबार चीनको राष्ट्रिय जन काङ्ग्रेसका अध्यक्ष झाओ लेजीसँग पनि भेट गर्नुभएको छ । दुवै देशले विभिन्न सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ ।

# भियतनाम–ईयू रणनीतिक साझेदारी सुदृढ

हनोई, १५ माघ (एएफपी) । भियतनाम र युरोपेली सङ्घ (इयु) ले बिहीबार कूटनीतिक सम्बन्धलाई औपचारिक रूपमा उन्नयन गर्दै व्यापार, प्रविधि र सुरक्षाका क्षेत्रमा थप गहिरो सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाको हनोई भ्रमणका क्रममा दुवै पक्षबिच भएको छलफलपछि सम्बन्धलाई व्यापक रणनीतिक साझेदारीको स्तरमा पुऱ्याइएको हो ।

प्रेस ब्रिफिङमा कोस्टाले भियतनाम र इयुबिचको सम्बन्धलाई अझ उच्च स्तरमा उकासिएको बताउँदै यसले दुवै पक्षको दीर्घकालीन हितलाई मजबुत बनाउने धारणा व्यक्त गर्नुभयो । उहाँले यो उन्नयनले इयु-भियतनाम सहयोगको गहिराइ र विस्तार दुवैलाई प्रतिबिम्बित गर्ने उल्लेख गर्दै व्यापार, हरित ऊर्जा, विकास अर्थतन्त्र, सुरक्षा र रक्षाका क्षेत्रमा अझ धेरै सम्भावना रहेको स्पष्ट पार्नुभयो ।

यो समझदारी भियतनामको कम्युनिस्ट पार्टीले टो लामलाई देशको शीर्ष नेताका रूपमा पुन: पुष्टि गरेको एकहप्ता नबित्दै भएको हो । यसले देशलाई व्यापक विकास उन्मुख परिवर्तनतर्फ लैजाने उहाँको दृष्टिकोणलाई अन्तर्राष्ट्रिय स्तरबाट समर्थन मिलेको सङ्केत दिएको छ ।

भियतनाम र इयुले सन् २०१९ मा स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेपछि द्विपक्षीय व्यापारिक आदानप्रदान झन्डै ४० प्रतिशतले वृद्धि भएको छ । यद्यपि इयुसँग भियतनामको बढ्दो व्यापार अधिशेषले केही युरोपेली नेताहरूलाई चासोमा पारेको छ, जसका कारण अटोमोबाइलजस्ता इयु उत्पादनमा रहेका गैर-कर अवरोध हटाउन आग्रह गरिएको छ ।

संयुक्त राज्य अमेरिकाले भियतनामी निर्यातमा नयाँ २० प्रतिशत भन्सार शुल्क लगाए पनि भियतनामले गत वर्ष आठ प्रतिशत आर्थिक वृद्धि हासिल गर्दै क्षेत्रीय अर्थतन्त्रको उज्यालो पक्षका रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ । गहिरिँदो व्यापारिक अनिश्चितताका बिच भियतनाम संयुक्त राज्य अमेरिका र चीनबाहेक अन्य नयाँ बजार खोज्ने प्रयासमा रहेको देखिन्छ ।

गत हप्ता लामो समयपछि आयोजना गरिएको नेतृत्वस्तरीय सम्मेलनमा पार्टीले राष्ट्रिय सुरक्षा, आन्तरिक स्थिरता र विदेश नीतिलाई प्राथमिकतामा राख्दै भावी रणनीति तय गरेको थियो । इयुसँगको सम्बन्ध स्तरोन्नति अमेरिकाबाहेकका बजारमा निर्यात विविधीकरण गर्ने भियतनामको रणनीतिक प्रयासको एक हिस्सा भएको भियतनामविज्ञ तथा बोस्टन कलेजका अतिथि विद्वान खाङ वुले बताउनुभएको छ ।

उहाँका अनुसार भियतनाम खुला र स्थिर अन्तर्राष्ट्रिय व्यापार वातावरण कायम राख्न चाहन्छ र यसमा इयुले सहयोग पुऱ्याउन सक्नेछ । हाल भियतनामको चीन, रुस र संयुक्त राज्य अमेरिकासँग पनि व्यापक रणनीतिक साझेदारी कायम छ ।

सन् २०२२ यता भियतनामले करिब एक दर्जन देशहरूसँग समानस्तरका साझेदारीमा सहमति जनाएको छ । यसमार्फत देशले नयाँ बजार, ज्ञान र प्रविधि उपयोग गर्दै अन्तर्राष्ट्रिय भूमिकालाई अझ सुदृढ बनाउने लक्ष्य लिएको छ ।

विश्वका प्रमुख शक्तिहरूसँग सन्तुलित सम्बन्ध कायम राख्ने उद्देश्यले भियतनामले लामो समयदेखि आफ्ना नेताहरूले लचकदार सन्तुलन कूटनीति भनेर व्याख्या गर्ने व्यावहारिक विदेश नीति अभ्यासलाई निरन्तरता दिँदै आएको छ ।

## विश्व सङ्क्षेप

# रुसद्वारा क्युवामाथि लगाइएको कडा प्रतिबन्धको विरुद्धमा वासिङटनलाई चेतावनी

मस्को, २९ जनवरी (क्यूएनए) । रुसले क्युबामा अमेरिकी प्रतिबन्ध कडा पार्ने सम्भावित परिणामको चेतावनी दिँदै हवानाविरुद्ध थप कदम चाल्ने वासिङ्टनको अभिप्रायबारे प्रसारित रिपोर्टहरू सत्य नभएको जनाएको छ ।

रुसी विदेश मामिला मन्त्रालयको प्रवक्ता मारिया जाखारोभाले विज्ञप्ति जारी गर्दै मस्कोले प्रतिवन्द कडा पार्ने रिपोर्टहरू सत्यमा निहित छैनन् भन्ने आशा गरेको बताउनुभएको छ ।

जाखारोभाले यस मार्गमा अगाडि बढ्नुको अर्थ अमेरिकाले राष्ट्रिय कानुन र शासनलाई विद्यमान अन्तर्राष्ट्रिय कानुनी मापदण्डभन्दा माथि राख्नुभएको उल्लेख गर्नुभएको छ । उहाँले क्युवाविरुद्धका उपायहरूको यस्तो वृद्धिलाई क्युवाली जनताको अधिकारको अमानवीय उल्लङ्घन भन्दै यसले टापुमा मानवीय सङ्कट निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ ।

दशकौँदेखि लागु गरिएको प्रतिबन्ध नीतिलाई निरन्तरता दिँदै अमेरिकी प्रशासनले क्युबामा थप आर्थिक प्रतिबन्धहरू लगाउन सक्ने सुझाव दिने रिपोर्टहरूको पृष्ठभूमिबिच रुसी दृष्टिकोण आएको हो ।

# सीमा विवाद सम्बन्धमा कम्बोडिया-थाइल्यान्ड आरबीसी सचिवालय बैठक सहमति जुटाउन असफल

नोम पेन (कम्बोडिया), २९ जनवरी (सिन्ह्वा) । कम्बोडिया-थाइल्यान्ड क्षेत्रीय सीमा समिति (आरबीसी) सचिवालयको तीनदिने बैठक दुई पक्षबिच कुनै पनि सहमति जुटाउन असफल भएपछि बिहीबार सम्पन्न भएको कम्बोडियाका रक्षा प्रवक्ता माली सोचेटाले बताउनुभएको छ ।

कम्बोडियाको बान्टे मिन्चे प्रान्त र थाइल्यान्डको सा काओ प्रान्तबिचको पोइपेट अन्तर्राष्ट्रिय सीमामा आयोजित यो बैठक कम्बोडियाको पाँचौं सैन्य क्षेत्र र थाइल्यान्डको पहिलो सेना क्षेत्रबिच आसियान पर्यवेक्षक टोलीको अवलोकनमा भएको जनाइएको छ ।

“दुवै पक्ष अझै साझा आधारमा पुग्न सकेका छैनन्, यद्यपि दुवै पक्ष सहमति नभएसम्म कागजात आदानप्रदान र वार्ता जारी राख्न आ-आफ्नो मुख्यालयमा फर्कन सहमत भएका छन् कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता सोचेटाले विज्ञप्ति जारी गर्दै बताउनुभयो ।

सहमति पछि कम्बोडिया-थाइल्यान्ड आरबीसी बैठक र कम्बोडियाको पाँचौं सैन्य क्षेत्र र थाइल्यान्डको पहिलो सेना क्षेत्रबिच औपचारिक हस्ताक्षर समारोह हुने उहाँले बताउनुभएको छ ।

कम्बोडिया र थाइल्यान्डले सशस्त्र द्वन्द्वको नयाँ चरणको तीन हप्तापछि सन् २०२५ को डिसेम्बर -२७ मा तत्काल युद्धविराम गर्न सहमत भएका थिए ।

# दक्षिणी अफ्रिकामा अति वर्षा र बाढीको असर भयानक

जोहानेसबर्ग, २९ जनवरी (एपी) । मानव गतिविधिबाट उत्पन्न जलवायु परिवर्तनले दक्षिणी अफ्रिकामा हालै आएको अत्यधिक वर्षा र बाढीलाई अझ गम्भीर बनाएको एक अध्ययनले देखाएको छ । यस प्राकृतिक विपत्तिका कारण १०० भन्दा बढी मानिसको ज्यान गएको छ भने तीन लाखभन्दा बढी विस्थापित भएका छन् ।

वर्ल्ड वेदर एट्रिब्युसनले गरेको अध्ययनअनुसार दक्षिण अफ्रिका, मोजाम्बिक र जिम्बाब्वेका केही भागमा केवल १० दिनभित्र एक वर्ष बराबरको वर्षा भएको थियो । यसले घर, सडक, पुल र अन्य पूर्वाधारमा ठुलो क्षति पुऱ्याउँदै गहिरो मानवीय पीडा निम्त्याएको अनुसन्धानकर्ताहरूले बताएका छन् ।

मोजाम्बिकमा धेरै घर तथा भवन पूर्णरूपमा डुबानमा परेका थिए भने दक्षिण अफ्रिकाका लिम्पोपो र म्पुमालाङ्गा प्रान्त तथा जिम्बाब्वेका केही क्षेत्रमा सडक र पुलहरू बगाएका थिए ।

वैज्ञानिकहरूका अनुसार यो दुर्लभ घटना करिब ५० वर्षमा एकपटक मात्र देखिने खालको हो । हालको ला निना मौसम प्रणालीले प्राकृतिक रूपमा ओसिलो अवस्था सिर्जना गरे पनि अत्यधिक तातो वातावरणका कारण यसको असर अझ तीव्र बनेको अध्ययनले जनाएको छ ।

रोयल नेदरल्यान्ड्स मौसम विज्ञान संस्थानका वरिष्ठ जलवायु अनुसन्धानकर्ता इजिदिन पिन्टोले जीवाश्म इन्धनको निरन्तर प्रयोगले चरम वर्षाको तीव्रता बढाएको र यसले बाढीलाई समुदायले सामना गर्न नसक्ने स्तरसम्म पुऱ्याएको बताउनुभयो । उहाँका अनुसार वर्षाको तीव्रतामा देखिएको करिब ४० प्रतिशत वृद्धि मानव-कारण जलवायु परिवर्तनबिना सम्भव देखिँदैन ।

वैज्ञानिकहरूले दक्षिणी अफ्रिका यसअघि पनि बाढीप्रति संवेदनशील रहे पनि यसपटकको घटनाको परिमाण अपेक्षाभन्दा धेरै भएको बताएका छन् । मोजाम्बिक मौसम सेवाका अनुसन्धानकर्ता बर्नार्डिनो नान्टुम्बोले केही स्थानमा दुई-तीन दिनमै वर्षायामभरि पर्ने वर्षा भएको उल्लेख गर्नुभयो ।

शोधकर्ताहरूले अफ्रिकामा केन्द्रित जलवायु मोडेल विकास गर्न पनि आह्वान गरेका छन् । इम्पेरियल कलेज लन्डनका जलवायु वैज्ञानिक फ्रेडेरिक ओटोका अनुसार अफ्रिकामै विकसित मोडेलको अभावले यस्ता घटनामा जलवायु परिवर्तनको वास्तविक प्रभाव मापन गर्न कठिनाइ भइरहेको छ ।

## वडाध्यक्षको डायरीबाट

# खाएको विष पो लाग्छ, नखाएको विष कसरी लाग्छ ?

✍ कुशल

दोस्रो प्रहर चलिरहेको थियो । वडा कार्यालयमा खासै सेवाग्राहीहरू थिएनन् । त्यसैले म भक्तपुर नगरपालिकाले निरन्तर मासिक रूपमा प्रकाशन गर्दै आएको 'भक्तपुर' मासिक पत्रिका अध्ययन गर्दै थिएँ । त्यही समयमा एक जना परिचित किसान साथी आउनुभयो । उहाँको नाम रामभक्त सुवाल (नाम परिवर्तित) हो । उहाँ नियमितरूपमै वडा कार्यालयमा आउनुहुन्थ्यो । एक हिसाबले उहाँ अग्रज कार्यकर्ता र वडा कार्यालयको कार्यमा सहयोगी साथी नै हुनुहुन्थ्यो । उहाँ आउने बित्तिकै मैले पत्रिका पढ्न छोडेर उहाँलाई सोफामा बस्न अनुरोध गरेँ । त्यसपछि वडा कार्यालयमा आउनुको प्रयोजन सोधेँ । आज उहाँको अनुहार पहिले वडा कार्यालयमा आउँदाखेरि जस्तो थिएन । अरू बेला हँसिलो अनुहार लिएर आउने किसान दाइ आज रिसाएर आउनुभएको थियो । उहाँ गम्भीर मुद्रामा हुनुहुन्थ्यो । उहाँ एकछिन नबोलिकन बसिरहनुभयो । मैले आफूबाट केही गल्ती भयो कि भनेर प्रतिप्रश्न गरेँ । तर पनि उहाँ नबोलिकन बसिरहनुभयो । मलाई मनमा कस्तो कस्तो लाग्यो । मैले सानो स्वरमा दाइलाई फेरि वडा कार्यालय आउनुको प्रयोजन सोधेँ र कार्यालय सहयोगीलाई चियाको लागि अनुरोध गरेँ ।

केहि बेरपछि उहाँले रिसाएर भन्नुभयो, "जनताबाट जितेको वडाध्यक्षले पनि भ्रष्टाचार गर्दो रहेछ । यो त पक्कै मिलेन । यो त पार्टी नीति र नगरपालिकाको नीतिविपरीत भयो । यसरी घुस खाएर पनि काम गर्ने हो ? जनताले भोट हालेर जिताएको यसरी घुस खानलाई हो र ? अझ घुसको रूपमा एक आना जग्गा लिनु भनेको पनि हुन्छ र ? यसरी घुस खाएर सिफारिस दिन कहाँ पाइन्छ ? त्यही भएर म वडामा भन्न आएको हुँ ।"

उहाँको कुरा सुनेर मलाई अचम्म लाग्यो । मैले प्रतिप्रश्न गर्दै उहाँलाई सोधे, "को वडाध्यक्षले एक आना जग्गा घुस लियो । त्यस्तो वडाध्यक्षलाई त कारवाही गर्नुपर्दछ ।"

उहाँले रिसाएरै मलाई जवाफ दिनुभयो, "तिमीले खाएको हो । एक आना जग्गा घुस तिमीले लिएको हो । मेरो छिमेकी भाइ गजेन्द्र सुवाल (नाम परिवर्तित) सँग तिमीले एक आना जग्गा घुस बापत लिएको हो । उसको पर्सा जिल्लाको १३ रोपनी जग्गा नामसारीको क्रममा तिमीले एक आना जग्गा घुसको रूपमा तिमीले पास गरिलिएको होइन ? तिमीले यसरी घुस खाएर सिफारिस दिएपछि पार्टी र नगरपालिकाको बेइज्जत भएन ? तिमीलाई पार्टीको सिद्धान्त र नीति अनि नगरपालिकाको नीतिबारे अलिकति पनि हेक्का छैन ? जनताले त्यत्रो भोट दिएको यसरी घुस खानलाई हो ? पार्टीका अग्रजहरूले यसरी घुस खाएर सिफारिस दिन सिकाएको त होइन । वडाध्यक्ष भएर देश र जनताको पक्षमा इमानदार र नैतिकतामा रहेर काम गर्नलाई हो । अनि यसरी आफ्नो जिल्लाको जग्गा नहुँदैमा घुस खाएर काम गर्न पाइन्छ ?"

रामभक्त सुवाल दाइ इमानदार कार्यकर्ता हुन् । अहिले पनि उहाँ एक असल र सक्रिय कार्यकर्ता हुनुहुन्छ । म वडाध्यक्ष भएपछि उहाँबाट धेरै मार्गदर्शन र सहयोग पाएको छु । वडाका विभिन्न समस्या तथा नगरस्तरीय समस्यामा पनि उहाँबाट समय समयमा सल्लाह र सहयोग हुँदै आएको छ । आज उहाँबाटै म माथि भ्रष्टाचार र घुस लिएको आरोप लागिरहेको थियो । मेरो मन चिसो भयो । हुँदै नभएको आरोप लाग्दा मलाई कता कता नरमाइलो लाग्यो । रिस पनि उठ्यो । अर्कोतर्फ हाँसो पनि उठ्यो । मान्छेले कस्तो कस्तोसम्म आरोप लगाउँदो रहेछ । अनि एकछिनपछि म हाँसे पनि । उहाँको सङ्गीन आरोपले म निरासा भएँ । फेरि मनमनै आफैलाई भने, "खाएको विष पो लाग्छ, नखाएको विष कसरी लाग्छ ? पार्टीले राजनीतिक कार्यकर्तालाई घुस खान होइन, देश र जनताको इमानदारीपूर्वक सेवा गर्न सिकाएको छ । राजनीतिक कार्यकर्ताको मुख्य उद्देश्य देश र जनताको निष्ठापूर्वक सेवा गर्नु हो । वडाध्यक्ष भएर घुस खान त परै जाओस्, व्यक्तिगतरूपमा धेरै आर्थिक घाटा भएको छ । तर पनि सेवा नै राजनीति भएकोले मनमा शान्ति र खुसी छ । यो नै प्रमुख कुरा हो ।"

मैले रामभक्त दाइलाई हाँस्दै प्रतिप्रश्न गरेँ, "मैले एक आना जग्गा घुसको रूपमा पास गरेर लिएको भए पास गरिदिएको पास पुर्जी र पुर्जा पनि त होला नि । अनि अरु कुनै प्रमाण होला नि । घर बाटोको सिफारिसमा मेरो नाम होला । साछीहरू होलान् । कोही न कोही देख्ने व्यक्ति पक्कै होला । कुनै कागज होला । अहिले त मिडियाको जमाना छ । तपाई मिडियामा गएर बोल्नुस् । नगरपालिकामा गएर प्रमुखज्यूलाई गुनासो गर्नुस् । नभए सरकोरवाला ठाउँ वा व्यक्तिकहाँ गएर उजुरी गर्दा नि हुन्छ । नेपाल मजदुर किसान पार्टीबाट जितेको वडाध्यक्षले कुनै पनि परिस्थितिमा घुस लिँदैन । लिएको भए पार्टीबाट कारबाही गर्नुपर्दछ । नभए मलाई एक आना जग्गा घुस दिने गजेन्द्र सुवाल नै लिएर आउनुस । उहाँसँग मेरो अगाडि घुस लिएको भनी भन्ने आँट छ ?"

मलाई एक आना घुस दिएको भनी आरोप लगाउने गजेन्द्र सुवाल हो । उहाँ केही महिना अगाडिमात्र वडामा सिफारिस लिन आउनुभएको थियो । उहाँको पर्सा जिल्लामा तेन्ह्र रोपनी जग्गा थियो । ती सबै जग्गाको लालपुर्जा र नागरिकताको सक्कल प्रति नै हराएको हुँदा नयाँ लिनको निम्ति निवेदन दिनुभएको थियो । मैले पनि नयाँ नागरिकता र पुर्जा लिन सिफारिस दिएको थिएँ । त्यसको केही महिनापछि नगरकै एक सहकारीले बचतकर्ताको बचत रकम फिर्ता दिन नसकेको उजुरी वडा कार्यालयमा आएको थियो । त्यस सहकारीको सञ्चालक सदस्य गजेन्द्र सुवाल रहेछ । त्यस आधारमा उहाँलाई एक पटक वडामा आउँदा तपाईंको पर्सा जिल्लाको सबै जग्गा किनबेच र अन्य आर्थिक कारोबार गर्न रोक्का गरिदिन्छु भनी भनेको थिएँ । त्यही कुरामा सायद उहाँ मसँग रिसाउनुभएको होला जस्तो लाग्छ । नत्र गजेन्द्रजीसँग त्यस्तो व्यक्तिगत दुश्मनी छैन । तर, मैले त्यही सहकारीका केही सञ्चालक सदस्यहरूको सम्पत्ति रोक्का राख्न नगरपालिकामा चिठी लेखी पठाएको थिएँ । त्यही भएर पनि उहाँ मसँग डराएको हुनुपर्दछ । तर पनि मैले गजेन्द्रजीको कुनै जग्गा रोक्काको लागि पठाएको थिएन । सम्भवत: त्यही कारणले उहाँले ममाथि घुस लिएको सङ्गीन आरोप लगाएको होला भनी अनुमान गरेँ । मैले रामभक्त सुवाल दाइलाई त्यही कुरा जानकारी गराएँ । तर, उहाँ मेरा कुरा मान्न तयार हुनुभएन । सायद उहाँलाई मेरो कुराभन्दा आफ्नै छिमेकी गजेन्द्रको धेरै विश्वास भएको हुनुपर्दछ । त्यसैले अन्तमा मैले उहाँलाई भनेँ, "तपाईंलाई मेरो कुरामा विश्वास भएन भने सम्बन्धित ठाउँमा गएर उजुरी दिनुहोला । म जवाफ दिन पक्कै आउँछु । अबदेखि प्रमाण पुऱ्याएर मात्र आरोप लगाउनुहोला । झूटो लान्छना लामो समयसम्म र पटक-पटक सुन्न गाऱ्हो हुन्छ । तपाईं जस्तो सिनियर मानिसलाई कडा बोल्दा मेरो मन पनि मान्दैन । तर, बिनाप्रमाण भनेको भरमा आरोप लगाउन पाइँदैन । फेरि तपाइँ पनि नेमकिपाको कार्यकर्ता हुनुहुन्छ । म पनि नेमकिपाको कार्यकता हुँ । त्यही भएर पार्टी नीतिअनुसार हामीले आफूलाई खरोरूपमा उभ्याउनुपर्छ ।"

मलाई एक आना जग्गा खाएको कुरा रामभक्त दाइले मात्र होइन, एक जना जनप्रतिनिधिले पनि भनिसक्नुभएको थियो । त्यत्तिबेला म यस कुराले सिरियस थिइनँ । तर आज वडाको अग्रज कार्यकर्ता दाइले आरोप लगाएपछि म अलि सिरियस भएँ । केही बेर पछि रामभक्त दाइ प्रमाणसहित आउँछु भनेर जानुभयो । तर, उहाँ कहिल्यै वडामा प्रमाण लिएर आउनुभएन र वडामा अन्य काममा आउनु हुँदा त्यो विषयमा उहाँले केही बोल्नुभएन । मैले पनि केही बोल्नु उचित सम्झिनँ । सम्भवत: पछि उहाँले मैले घुस लिएको छैन भने भान परे होला जस्तो लाग्छ । त्यसबिचमा वडाको निर्वाचित समितिमा पनि जनप्रतिनिधि साथीहरूले एक आना जग्गा घुसको रूपमा मैले आफ्नो नाममा पास गरिलिएको विषयमा छलफल भयो । साथीहरूलाई आफूले घुस एक रूपैया पनि नलिएको सफाइ दिएँ । गजेन्द्र सुवालले पूर्वाग्रही ढङ्गले आफूमाथि घुसको आरोप लगाएको कुरा बताएँ । घुस खुवाउने व्यक्ति वडामा र नगरपालिकामा गएर भन्न नसक्ने अनि बाहिर बाहिर घुस खाएको प्रचार गर्ने मानिसहरू पनि हुँदारहेछन् । मैले एक आना जग्गा घुस नै लिएको भए पास गरेर लिएको पुर्जा त पक्कै होला । त्यो प्रमाणको रूपमा पेस गर्न सकिन्छ । नभए आजकल प्रविधिको जमानाको समयमा घुस मागेको आवास वा भिडियो सार्वजनिक गर्न पनि सकिन्छ । अरू पनि प्रमाण हुन सक्ला । तर मानिसलाई बिनाप्रमाण सनकको भरमा अनि आफूलाई सिफारिस नदिने भनेको भरमा मान्छेले घुस खाएको प्रचार गर्दा रहेछन् । कस्ता कस्ता मान्छे हुँदारहेछन् यो समाजमा । यस्ता मानिससँग सचेत हुनुबाहेक अरू उपाय नहुने रहेछ ।

# अपहेलित गुणी लट्टे/रामदाना

✍ अरुणा उप्रेती

कहिलेकाहीँ भान्सामा लट्टेको साग देखेपछि धेरैको मुखबाट निस्कने एउटा वाक्य हो– "धत्, लट्टेको साग पनि कोही खाओस्" अर्थात् मनपराएर खाने मानिसको सङ्ख्या कम छ ।

यो साग पहाड होस् वा तराई जतासुकै पाइन्छ । नछरे पनि खेतबारीमा बढिरहेको हुन्छ । लट्टेको साग जतिसुकै अपहेलित भए पनि यो साऱ्है उत्तम सागमध्येमा पर्छ । 'धेरै भएपछि गुण पनि तीतो' भएको मात्र हो ।

अहिलेसम्म हरियो र रातो गरी दुई खालको लट्टे देखिएको छ । यसको वैज्ञानिक नाम 'अमेरेन्थस विरडिस' हो । यसमा स्वाद र पौष्टिकता दुवै र उत्तिकै छ ।

मेक्सिकोमा लट्टेलाई 'अलेग्रिया' भनिँदोरहेछ । स्पेनिस भाषामा अलेग्रियाको अर्थ 'खुसी' हो । लट्टे अफ्रिका, चीन, भारत, रूस, अमेरिकालगायत धेरै देशमा पाइन्छ ।

मेक्सिकोमा भने लट्टेका दानाबाट विभिन्न परिकार बनाइन्छ । त्यहाँ मकैजस्तै भुटेर महसँग मिसाएर पनि खाइँदो रहेछ । अन्य धेरै देशमा यसबाट बनेका विभिन्न परिकार कुप्लुक्क खान मिल्ने गरी बिक्री गर्न राखिएका हुन्छन् ।

विदेशमा 'सुपर फुड' अर्थात् अति उत्तम खाना भनिने लट्टेलाई नेपालमा भने प्राय: वास्ता गरिँदैन ।

गाउँघरमा सजिलै उपलब्ध हुने लट्टेको साग पकाएर पाहुनालाई दिँदा धेरैले अपमानित भएको महसुस गर्छन् तर ठुला होटलमा त्यही लट्टे मनपराएर खानेहरू प्रशस्तै छन् ।

नेपालका अधिकांश भागमा पाइने लट्टेका विविध नाम छन् । तराई तथा भित्री मधेशमा यसलाई 'रामदाना' भनिन्छ । पहाडी क्षेत्रमा 'लट्टे' वा 'लुँडे' र कर्णालीमा 'मार्से' । मधेशका धेरै ठाउँमा गेन्हारी साग पनि भन्छन् ।

विशेषगरी पहाडी क्षेत्रमा हजुरआमाहरू लगातार व्रत बस्नुपऱ्यो भने बिचमा एक दिन बेलुका लट्टेका दाना



दूधमा पकाएर खाने गर्थे । पौष्टिकताले भरिपूर्ण भएकैले व्रत बसेका बेला यसको उपयोग भएको हुनुपर्छ ।

लट्टेको दाना भुटेर तरकारीसँग खान मिल्छ । लट्टे र गहुँको पीठो मिसाएर स्वस्थकर रोटी बनाउन सकिन्छ । यसको पीठोको सुप बनाएर पिउन पनि मिल्छ । तरकारीसँग पकाएपछि यसको छिपछिपे रसमा स्वाद र पौष्टिकता दुवै हुन्छ । अझ त्यसमा गोलभेँडा पनि हालेर पकाइएको छ भने त भात वा रोटी कपाकप खान सकिन्छ ।

लट्टेमा गहुँभन्दा बढी रेसादार र लौहतत्त्व पाइन्छ । साथै भिटामिन ई, भिटामिन सी, फोलिक एसिड र क्याल्सियम आदि यसमा छन् ।

लट्टेका दानामा २८.८ प्रतिशत प्रोटिन हुन्छ । कुपोषणबाट बचाउन प्रोटिनको ठूलो महत्त्व हुन्छ । लट्टेका दाना ग्लुटिनरहित हुने भएकाले गहुँमा रहेको ग्लुटिन पचाउन नसक्नेहरूका लागि यो उपयोगी हुन्छ । अर्थात् शिशु, महिला, गर्भवती सबैको लागि अति उपयोगी छ ।

लट्टेका दाना र पातको मुख्य विशेषता भनेकै यो जेसँग मिसाएर पकाउँदा पनि हुन्छ । यसको दाना चामल, फापर वा गहुँको पीठो आदिसँग मिसाएर उपयोग गर्न सकिन्छ । खाँदा स्वाद र पोषण दुवै हुने भएकाले यसले रोग प्रतिरोधात्मक क्षमता पनि वृद्धि गर्छ ।

# जुम्लाको हिँयाखोलामा टेलिफोन 'नेटवर्क' मा समस्या

जुम्ला, १५ पुस: जिल्लाको तातोपानी गाउँपालिका-६ स्थित हियाँखोला गाउँमा नेपाल टेलिकमको नेटवर्कले राम्रोसँग काम नगर्दा स्थानीयवासीलाई सास्ती भएको छ । मोबाइलमा नेटवर्कले राम्रोसँग काम नगर्दा टेलिफोन सम्पर्कविहीन अवस्थामा उत्पन्न भएको स्थानीय डिल्ली कामीले बताउनुभयो ।

देशका धेरै ठाउँमा फोरजी डाटा, नि:शुल्क वाइफाइ र डिजिटल सेवाको चर्चा भइरहँदा हिँयाखोलाका स्थानीय अझै पनि नेटवर्क खोज्दै डाँडा उक्लन बाध्य भएका उहाँको भनाइ छ ।

देशभर चुनावी माहोल तातिएको बेला विभिन्न सूचना, राजनीतिक समाचारलगायत अन्य गतिविधिको जानकारी लिनका लागि गाउँबाट एक घण्टा हिँडेर नेटवर्क आउने ठाउँमा जानुपर्ने बाध्यता रहेको स्थानीय लोकेशजङ्ग विश्वकर्माले बताउनुभयो ।

"बिरामी पर्दा स्वास्थ्यकर्मीलाई फोन गर्न सकिँदैन । एम्बुलेन्स बोलाउन झन् गाऱ्हो भएको छ । देश चुनावमा होमिएको छ, तर हामीले सूचनाकै लागि सङ्घर्ष गर्नु परिरहेको छ", उहाँले भन्नुभयो,"यसका साथै वैदेशिक रोजगारीमा रहेका आफन्तसँग सम्पर्क गर्न पनि कठिन छ । यस विषयमा पटक-पटक जनप्रतिनिधि र सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि समस्या समाधान हुनसकेको छैन ।"

वडा नं ४ का अध्यक्ष विशाल खड्काले टेलिकमले गाउँपालिका-४ स्थित हाँकु गाउँको लाग्नामा रहेको टावरको क्षमता घटाउँदा यो समस्या आएको बताउनुभयो । नेपाल टेलिकमका जुम्ला शाखा प्रमुख पारश पुजारा भने लाग्नामा रहेको टावरको क्षमताभन्दा बढी ग्राहक रहेकाले हिँयाखोला गाउँसम्म नेटवर्कको क्षमताले धान्न नसकेको बताउनुहुन्छ ।

"नेटवर्कको ९७ प्रतिशत क्षमता प्रयोग भइसकेको हुनाले समस्या आएको छ । एक महिनाभित्र फोरजीको अर्को एउटा ब्यान्ड थप्ने योजना छ । काम सम्पन्न भएपछि समस्या समाधान हुनेछ", उहाँले भन्नुभयो । ***(रासस)***

**भ्रष्टको...**

यो एउटा यस्तो विद्रूप चक्रव्यूह हो जहाँ पीडक नै 'मुक्तिदाता' को भेषमा आउँछ र पीडितहरू उसैको जयजयकार गर्न विवश पारिन्छन् ।

जनता निरीह छन् भनिए पनि, वास्तवमा लोकतन्त्रमा सार्वभौम शक्ति तिनैको हातमा लुकेको हुन्छ, तर त्यो शक्तिलाई प्रयोग गर्ने चेतनालाई भ्रष्टहरूले कहिल्यै उकासिन दिएनन् । उनीहरूले जनतालाई सधैँ अभाव, अशिक्षा र अन्योलमा राख्न चाहे, ताकि आफ्नो सत्ताको आयु लम्ब्याउन सजिलो होस् र कोही प्रश्न गर्ने हिम्मत नगरोस् । जबसम्म एउटा मतदाताले चुनावको अघिल्लो रात बाँडिने केही हजार नगद वा मासु-चिउराभन्दा आफ्नो बच्चाको शिक्षा र स्वास्थ्यको भविष्य ठुलो देख्दैन, तबसम्म यो अवस्था बदलिनेवाला छैन । जबसम्म मानिसहरूले 'नुनको सोझो' गर्ने दास र 'देशको सोझो' गर्ने जिम्मेवार नागरिकबिचको लक्ष्मणरेखा छुट्याउन सक्दैनन्, तबसम्म भ्रष्टहरूको यो रजगज कायमै रहनेछ । हामीलाई कागजी रूपमा स्वतन्त्रता त मिल्यो, तर आफ्नै स्वतन्त्र विवेक प्रयोग गर्ने साहस र इमानदारी अझै आउन नसक्नु नै हाम्रो लोकतन्त्रको सबैभन्दा कमजोर कडी हो ।

नेपाललाई सुन्दर बनाउने कुरा केवल भाषणमा सीमित हुनुको मुख्य कारण नै गलत हातमा सही शक्ति र स्रोत पुग्नु हो । हामीले जसलाई आफ्नो भविष्यको रक्षक ठान्यौँ, उनीहरू नै भक्षक निस्किए र राज्यको ढुकुटीलाई आफ्नो मोजमस्तीको साधन बनाए । कतिपयलाई लाग्न सक्छ कि यहाँ अब केही हुनेवाला छैन, तर वास्तवमा हाम्रो मौनताले नै उनीहरूलाई झन् बढी साहसी, निरङ्कुश र छाडा बनाएको हो । जब हामी गलतका विरुद्ध बोल्न छाड्छौँ, तब गलत गर्नेहरूले यसलाई आफ्नो जन्मसिद्ध अधिकार ठान्न थाल्छन् र समाजमा दण्डहीनता मौलाउँछ । तिनका अहङ्कारलाई तोड्न र यो विद्रूप राजनीतिक नाचलाई रोक्न अब साँचो अर्थमा नागरिक विद्रोहको आवश्यकता छ - जुन सडकमा मात्र होइन, मतपत्र र हाम्रो सोच्ने शैलीमा प्रतिबिम्बित हुनुपर्छ ।

अन्त्यमा, चुनाव भनेको एउटा प्रतिनिधि छान्ने प्रक्रियामात्र होइन, यो त आफ्नो विवेक र राष्ट्रप्रतिको जिम्मेवारीको कठीन परीक्षा पनि हो । यदि हामीले फेरि पनि तिनै दलाल, भ्रष्ट, अहङ्कारी र अपराधीहरूलाई नै आफ्नो नेता मान्ने पुरानो गल्ती दोहोऱ्यायौँ भने, इतिहासले हामीलाई क्षमा गर्नेछैन । अबको समय 'अन्धभक्त' बनेर दौडिने होइन, सचेत 'नागरिक' बनेर प्रश्न गर्ने र सही विकल्प रोज्ने समय हो । नत्र, हाम्रा आउने पुस्ताले पनि हामीले भोगिरहेकै यो विवशता, भ्रष्टाचार र अन्धकारलाई नै आफ्नो स्थायी नियति मान्नुपर्नेछ । यो दुष्चक्रलाई तोड्ने साँचो हामी प्रत्येक नागरिककै हातमा छ, मात्र खाँचो छ त त्यो साँचोलाई सही समयमा र सही ठाउँमा प्रयोग गर्ने साहस र सङ्कल्पको ।

# प्रगतिशील गीत प्रतियोगिताको तयारी भेला



भक्तपुर, १५ माघ। नेपाल मजदुर किसान पार्टी, भनपा १० वडा समितिको आयोजनामा नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा हुने प्रगतिशील गीत प्रतियोगिताको तयारी भेला बुधबार भयो।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले अधिकांश गीतहरू प्रगतिशील गीत नभएको उल्लेख गर्दै समाजमा व्याप्त विकृति, विसङ्गति, प्राकृतिक प्रकोप र सङ्कट औँल्याई त्यस्ता समस्याहरू समाधानका उपायहरू जनतामाझ पुऱ्याउने गीतहरू नै प्रगतिशील गीत हो भन्नुभयो।

उहाँले समाजमा भएका अन्धविश्वास, कुरीति, कुसंस्कार, अन्याय, अत्याचार र भ्रष्टाचारविरुद्ध आवाज बुलन्ड गरी समाजलाई सकारात्मक परिवर्तनको लागि प्रेरित गर्ने, सचेत र सङ्गठित पार्नसक्ने शक्ति प्रगतिशील गीतहरूमा हुने बताउनुभयो।

पुँजीवादी शासन व्यवस्थाले गरिबवर्ग मजदुर-किसानको हित नहुने उल्लेख गर्दै उहाँले समाजवादी व्यवस्थामा मात्र मजदुर किसानको हित र सन्तुलित रूपमा देश विकास हुने बताउनुभयो।

अहिलेको समय प्रविधिमैत्री भएको र साइबर आतङ्कले जनतालाई भ्रमित पारिरहेको उल्लेख गर्दै उहाँले सामाजिक सञ्चालको असत्य कुराको प्रचारप्रसार र लहलहैमा नलागि सत्य तथ्यबारे बुझेरमा मात्र निर्वाचनमा आफ्नो अमूल्य मत दिनुपर्ने बताउनुभयो।

नेमकिपाका कुनै पनि नेताहरूले अहिलेसम्म देशघाती काम नगरेको उल्लेख गर्दै उहाँले देशघाती सन्धि सम्झौताहरूबारे जनतालाई सुसूचित पार्ने र विरोध गर्ने काम गरिरहेको बताउनुभयो।

नराम्रो विचार भएका व्यक्तिलाई निर्वाचित गर्नाले सिक्किम देश एकै रातमा भारतमा विलय भएको चर्चा गर्दै उहाँले अहिले युवा पुस्ताहरूले देश र जनताको पक्षमा काम गर्ने नेतृत्व पहिचान गर्नुपर्ने र निर्वाचित गर्नुपर्ने बताउनुभयो।

निर्वाचन आचारसंहिता उल्लङ्घन नहुने गरी प्रगतिशील गीत प्रतियोगिता गर्नुपर्ने चर्चा गर्दै उहाँले कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न सम्पूर्ण टोलवासी एकजुट भएर मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि विक्रम ढुकुछुले जेनजी आन्दोलनबाट भएको विध्वंसको मुख्य जिम्मेवार शासक दलहरू रहेको उल्लेख गर्दै विदेशी शक्ति राष्ट्रहरूले देशमा व्यापक चलखेल भइरहेको र विदेशीबाट निर्देशित नयाँ पार्टीहरूले जनताको आँखामा छारो हालिरहेको बताउनुभयो।

नेमकिपाले जनताको जीवनस्तर उठाउन भूमि सुधार लागु गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै उहाँले नेमकिपाले देशको स्वाधीनता र अखण्डताको रक्षाका लागि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्ष गरिहरेको बताउनुभयो।

निःशुल्क शिक्षा, स्वास्थ्य उपचार र देशमै योग्यताअनुसारको काम र कामअनुसारको ज्याला पाए समाजवादको आधार तयार हुने उल्लेख गर्दै समाजवादी व्यवस्थामा मात्र देशको रक्षा हुने र मजदुर किसानको हितमा काम र विकास हुने बताउनुभयो।

उहाँले फागुन २१ गते हुने निर्वाचनमा देशको रक्षा गर्ने र जनताको सेवा गर्ने पार्टीलाई भोट दिएर विदेशी शक्तिको इसारामा चल्ने पार्टीहरूलाई परास्त गर्नुपर्ने बताउनुभयो।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले प्रगतिशील गीतहरूमार्फत समाजमा भएका विकृति, विसङ्गतिबारे जनतामाझ पुऱ्याउनुपर्ने र सोको चिरफार गरी समाजलाई सुसूचित र सचेत पार्नुपर्ने बताउनुभयो।

प्रगतिशील गीत प्रतियोगिताका नियमहरूबारे जानकारी दिँदै उहाँले यस्ता प्रतियोगिताहरूबाट समाजमा अन्याय अत्याचारविरुद्ध लड्न जनतालाई आत्मबल बढाउने र सचेत पार्ने बताउनुभयो।

उहाँले भनपाबाट गरिरहेका विकास निर्माणका कार्यहरू, शिक्षा, स्वास्थ्य र सरसफाइमा भइरहेका प्रगति र समस्याहरूबारे जानकारी दिनुभयो।

नेमकिपा भनपा १० वडा समितिका अध्यक्ष लक्ष्मीप्रसाद चवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा बिकुराम तजलेले पनि बोल्नुभएको थियो।

# नेमकिपाको स्थापनाको जग किसान आन्दोलन

भक्तपुर, १५ माघ। नेपाल मजदुर किसान पार्टीको ५२ औँ पार्टी स्थापनाको अवसरमा नेपाल मजदुर किसान पार्टी वडा नं. २ सानो ब्यासी एकाइ समितिको आयोजनामा वडाका कार्यकर्ताहरूबिच एक प्रशिक्षण तथा प्रवचन कार्यक्रम भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपा स्थापनाको जग किसान आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलन भएको स्पष्ट पार्नुभयो। नेमकिपाले वर्गीय दृष्टिकोणको आधारमा आफ्नो विचार अगाडि बढाइरहेको र पार्टीले दलीय भागबन्डा, एनजीओ, आईएनजीओजस्ता स्वार्थको राजनीति कहिल्यै नगरेको विचार उहाँले राख्नुभयो।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन ख्वप विश्वविद्यालयको अवधारणा अगाडि राख्दै आएको उल्लेख गर्दै उहाँले नेमकिपाले भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादी नीतिको विरोध गरिरहेको बताउनुभयो। सरकारमा गएका पार्टीहरूले गरेका असमान सन्धिहरू खारेजको माग गर्दै आएको विचार पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा जीपी लासिवाले नेमकिपाले मजदुर र किसानको हक र हितको लागि राजनीतिक सङ्घर्ष गरिरहेको र समाजवादी व्यवस्थाको लागि जनतालाई सचेत पारिरहेको विचार राख्नुभयो।

सिद्धान्तहीन पार्टीलाई संसदीय निर्वाचनमा पराजय गर्नुपर्ने कारणबारे चर्चा गर्दै उहाँले विदेशी पैसामा राजनीति गर्ने राजनीतिक पार्टीहरूलाई विदेशी शासकहरूको मातहतमा राख्ने स्पष्ट पार्नुभयो।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका गंगाराम ज्याख्वले नेमकिपाका जनप्रतिनिधिहरूले पार्टीको घोषणापत्र र प्रतिबद्धताअनुरूप काम गरिरहेको बताउनुभयो।

रत्नकाजी नायोभारीले नेमकिपा सङ्घर्षबाट कहिल्यै विचलित नहुने पार्टी हो भन्नुभयो। नेमकिपा सानो ब्यासी एकाइ समितिका इन्चार्ज सरोज दथेपुथेको सभापतित्वमा भएको उक्त कार्यक्रममा पवनकृष्ण सुवालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो।

# टिपरको ठक्करबाट बनमालाको निधन

भक्तपुर, १५ माघ। भक्तपुरको कमलविनायक बसपार्क नजिक बुधबार बेलुकी भएको सडक दुर्घटनामा परी भक्तपुर नगरपालिका वडा नं. ८ जैंला बस्ने २६ वर्षीय बिमल बनमालाको निधन भएको छ।

प्रहरीले दिएको जानकारीअनुसार कमलविनायकबाट च्याम्हासिंहतिर जाँदै गरेको एक मोटरसाइकल अनियन्त्रित भई लड्दा त्यसलाई छल्न विपरीत दिशाबाट आइरहेको स्कुटरलाई रोक्दा पछाडिबाट हुइँकिदै आएको टिपरले ठक्कर दिई किचेको थियो। घटनामा परी स्कुटरमा सवार बिमलको घटनास्थलमै निधन भएको थियो भने अर्का सवार राजेश बनमाला घाइते भएका छन्। घाइते राजेशको हाल बीएन्डबी हस्पिटलमा उपचार भइरहेको छ।

मृतक बनमाला भक्तपुरको प्रसिद्ध नवदुर्गा गणका सदस्य भएकोले उनको निधनले नवदुर्गा नाचसमेत केही दिन रोकिने बताइएको छ।

दुर्घटनापछि सिन्धुपाल्चोकका टिपरचालक २५ वर्षीय राजकुमार माझीलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

बिहीबार महानगरीय प्रहरी वृत्त जगातीमा भएको सरोकारवालाबिचको बैठकले टिपरधनीले मृतक बनमालाको परिवारलाई रू. १६ लाख क्षतिपूर्ति दिने र घाइतेको सम्पूर्ण उपचार खर्च व्यहोर्ने सहमति भएको बताइएको छ। टिपरधनी वाग्मती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाका छोरा सुमन थापा भएको बताइएको छ।

**असमान...**

नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता खारेज गर्नु जरुरी छ" उहाँले भन्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले किसान आन्दोलनको जगमा नेपाल मजदुर किसान पार्टी स्थापना भएको प्रस्ट पार्नुभयो।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

आयव्यय विवरणसम्बन्धी सूचना

भक्तपुर नगरपालिका कार्यालयको २०८२ पुस महिनासम्मको आयतर्फ रू. ८५,११,३४,७०४।५५ र व्ययतर्फ रू. ७०,७५,३८,३२५।६९ रहेको छ।

सिद्धि गणेश कर्नर — हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

संस्थाको सञ्चालक समितिको मिति २०८२/१०/१५ गतेको बैठकको निर्णयानुसार मिति २०८२/१०/१६ गतेदेखि लागू भएको बचत सेवाको ब्याजदर र हाल कायम रहेको ऋण सुविधाको ब्याजदर

| बचतको प्रकार | ब्याजदर | ऋण सुविधा | ब्याजदर |
|---|---|---|---|
| नियमित बचत | ४% | किस्ताबन्दी ऋण | ६.५% |
| स्वास्थ्य बचत | ४% | नव उद्यम/आकस्मिक व्यवसायिक | ६.५% |
| बाल बचत | ४% | कृषि/स्वास्थ्य/नवनिर्माण | ७.५% |
| शेयर डिपोजिट बचत | २% | जमानी(बचत/शेयर र सदस्य) | ८% |
| ऐच्छिक बचत | १% | घर निर्माण | ८% |
| दैनिक बचत | १% | शैक्षिक | ८% |
| समृद्धि बचत | १% | व्यापार/व्यवसाय/सरल व्यवसायिक | ८.५% |
| **आवधिक बचत:** | | उद्योग/पशुपक्षी पालन/सामूहिक | ८.५% |
| १ वर्षे | २.५% | हायरपर्चेज/सवारी साधन | ८.५% |
| ९ महिने | २% | दैनिक बचत ऋण | ८.५% |
| ६ महिने | १.५% | लघुवित्त समूह जमानी | ८.५% |
| ३ महिने | १% | पेसागत ऋण | ८.५% |
| ज्येष्ठ नागरिक बचत | १.२५% - | उपभोग्य/घरायसी | ९% |
| (३ महिने-१ वर्षे) | २.७५% | घरजग्गा खरीद | ९.५% |
| १ वर्षे मासिक ब्याज | २१०।- | निक्षेप कर्जा/बचत सरह | थप २% |
| भुक्तानी योजना (प्रति लाख | | व्यवस्थापक | |

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००, स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE



हार्दिक समवेदना



जन्म: २०७९/१०/२६
निधन: २०८२/१०/१३

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ चोर्चा टोल बस्ने यस संस्थाका बाल बचतकर्ता नं. ४८३९ का बाल बचतकर्ता **आरभी दुमरू**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



हार्दिक समवेदना

जन्म
२०४१।०७।१६



स्वर्गारोहण
२०८२।१०।०५

यस भक्तपुर बचत तथा ऋण सहकारी संस्थाको संरक्षकत्वमा सञ्चालित भक्तपुर आदर निकेतनका इमानदार, कर्तव्यपरायण तथा मेहनती कर्मचारी (कार्यालय सहयोगी) **तुल्सीदेवी भैल**को अल्प आयुमै भएको निधनले हामी अत्यन्त दुःखी छौं। यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर आदर निकेतन परिवार**
च्याम्हासिंह-९, भक्तपुर



जाडोबाट बच्ने उपाय।

- जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
- चिसोको कारण प्रदूषण बढ्ने गर्छ।
- चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ।
- चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दमका बिरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, धुँवा तथा चिसोबाट बचौं र बचाऔं।
- सकेसम्म घरभित्रै बसौं, निस्कनैपर्ने भए न्यानो कपडा लगाएरमात्र निस्कौं।

कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा